# प्रतिवाद

## पवन चामलिङ

प्रकाशक
सिक्किम डेमोक्रेटिक युवा मोर्चा, गान्तोक, सिक्किम

## प्रकाशकीय

श्री पवन चामलिङ सिक्किम विधानसभामा दामथाङ चुनाउ समष्टिबाट निर्वाचित सबभन्दा बढ़ी लोकप्रिय र चर्चित सिक्किमे विधायक हुनुहुन्छ। सिक्किमको राजनीतिमा उहाँ नै यस्तो विधायक हुनुहुन्छ जसले पार्टी 'संग्राम परिषद्' -को नभई आफ्नै व्यक्तित्वको बल-बूतामा चुनाउ जिलुभएको थियो। सिक्किम विधानसभाका ३२ वटै सीटमा निर्वाचित विधायकहरूमध्ये मुख्यमन्त्रीलाई पनि उछिनेर सबभन्दा बड़ी भोट ६६ प्रतिशत प्राप्त गरी उहाँ विजयी हुनुभएको हो। सिक्किमको राजनीतिमा उहाँको व्यक्तित्व नितान्त बेग्लै, स्पष्ट, स्वतन्त्र र स्वच्छ छ। आफ्नो राजनैतिक जीवनको थाल्नीदेखि नै सर्वसाधारण जनताको बीचमा बसेर जनसेवा गर्दै आउनुभएका श्री चामलिङ सिक्किमे आमजनताका प्रत्येक दुःख-सुखसित परिचित हुनुहुन्छ। सिक्किमे जनताले आफ्नो स्वत्वलाई गुमाएर के पाए, के पाएनन् / पाएका छैनन् र के पाउनुपर्ने / पाउनुपर्दछ, जनताले केचाहन्छन् / चाहनुपर्दछ, उनीहरूका मूलभूत समस्या के-कस्ता छन्, तिनको समाधान अथवा निवारण कसरी हुन सक्दछ? - यी सबै कुराहरू जनताका घर-घर पुगेर उहाँले राम्ररी बुझ्नुभएको छ।

केवल खानका लागि हामी बाँच्दैनौं, बाँच्नका लागि खान्छौं। बाँच्नुपर्छ हामीले आफ्नो कर्तव्य पूरा गर्नलाई। तर बाँच्नका लागि आफ्नो इमान-जमान, नैतिकता र सिद्धान्त मात्रै नभई यो माटो नै खाई पचाउने सिक्किमे नेताहरूको नैतिकता र सिद्धान्त मात्रै नभई यो माटो नै खाई पचाउने सिक्किमे नेताहरूको कर्तूतहरूले भरिएको सिक्किमको इतिहासलाई नयाँ मोड़ दिन यहाँको यस्तो निस्सासिँदो परिवेश र प्रजातन्त्रको नाममा स्वेच्छाचारी हुकुमा शासनबाट मुक्ति पाउने बाटो जनता स्वयंले खोजुन् र देखुन् भन्ने ध्येयले श्री चामलिङ प्रजातान्त्रिक सिद्धान्तहरूको आधारमा सिक्किमे जनताका मौलिक अधिकारहरूको पुनर्वहाली गर्न-गराउने दत्तचित्त रहनुभएको कुरो स्पष्ट छ। सिक्किमे जनताले उहाँलाई एक सशक्त प्रजातन्त्रवादी र क्रान्तिकारी 'नेता' -को रूपमा हेरेका छन्।

नेपाली साहित्यमा सिक्किमको प्रतिनिधित्व गर्ने एक विशिष्ट कवि श्री पवन चामलिङ सिक्किममा आफ्नै व्यक्तित्वको भरमा सबभन्दा बड़ी भोट पाएर जिल्ने विधायकका रूपमा मात्र नभई सिक्किम सरकारका माननीय मन्त्री (उद्योग, जन-सम्पर्क तथा प्रेस) हुनुहुँदा उहाँको कार्य-तत्परता, प्रगतिशील विचारधारा, सत्यप्रियता, निष्पक्ष व्यवहार तथा गरीब-दुःखी जनताप्रति उहाँको सहानुभूतिले गर्दा उहाँले आफ्नो निर्वाचन क्षेत्रमा मात्र नभएर सारा सिक्किममा लोकप्रियता आर्जन गर्नुभयो। तर उहाँको यो लोकप्रियतालाई मुख्यमन्त्री नरबहादुर भण्डारीले आशंकाको दृष्टिले हेऱ्यो र आफ्नो सत्ताको चुनौतीको रूपमा देख्यो। अन्याय-अत्याचार, शोषण-दमन र सर्वत्र भइरहेको भ्रष्टाचार निर्मूल पारेर सिक्किमे जनतालाई आत्म-सम्मानको साथै सामाजिक, आर्थिक, शैक्षिक, न्यायिक तथा राजनैतिक समानता र प्रजातान्त्रिक व्यवस्थाको न्यानो घाम ताप्न दिने उद्देश्यले आफ्नो चौकीको वास्ता नगरी निरन्तर आवाज उठाउँदै आउनुभएका श्री चामलिङलाई मुख्यमन्त्री भण्डारीले आफ्नो सशक्त प्रतिद्वन्द्वी ठान्यो, आँखाको कसिङ्गर सम्झ्यो र अयोग्यताको कुनै आधार नपाएर 'जातिवादी' एवं 'साम्प्रदायिक' -को आरोप लगाई मुख्यमन्त्री भण्डारीले १६ जून, १६६२ -को दिन उहाँलाई एकदमै अप्रजातान्त्रिक तरीकाले मन्त्रीमण्डलबाट र १६ जुलाई १६६२ -को दिन 'संग्राम परिषद् पार्टी' -बाट नै निष्कासित गऱ्यो।

श्री पवनकुमार चामलिङ मन्त्री हुँदा नै उहाँलाई सिक्किमे जनताले भण्डारीको विकल्पको रूपमा हेर्थे भने उहाँलाई मन्त्री पदबाट बर्खास्त गरिएपछि त झन् भण्डारीलाई चुनौती दिँदै नयाँ पार्टी गठन गरेर सिक्किमे जनताका दुःख हरण हुनेछ भन्ने जनताले आशा गर्न थाले भने अर्कोतिर भण्डारीले विभिन्न प्रकारका आधारहीन आरोपहरू उहाँमाथि थोपर्दै गयो। आजभोलि गर्दै समय बित्दै गयो तर श्री चामलिङले आफूमाथि भण्डारीले थोपरेका आरोपहरूको प्रतिवादमा केही भन्नुभएन। उहाँको चरित्र-हत्या मात्रै होइन, उहाँलाई 'राष्ट्रिय सुरक्षा ऐन (एन.एस.ए.) अन्तर्गत पक्राउ गरिइने र कतिसम्म भने उहाँलाई माटोमुनि लाउने समेत षड्यन्त्र नरचिएको होइन, तर पनि उहाँ चुपै रहनुभयो। यस बीच बुद्धिजीवी तथा राजनैतिक पर्यवेक्षकहरूले मात्रै होइन सर्वसाधारण जनताले समेत विभिन्न अर्थ लाउनथाल्नु स्वाभाविकै थियो। यतिसम्म हुँदा पनि उहाँ चुप लागेर बस्नुमा के रहस्य छ? भण्डारीले उहाँमाथि

लाएगा आरोपहरूको प्रतिवाद उहाँ किन गर्नु हुन्न? के उहाँको मौनता नै स्वीकृति त होइन? भन्ने कुराहरू सबैतिर चल्न थाले। त्यसैकारण उहाँको विचार र यसबारे भन्नु के छ? सो बुझ्न चाहेर गत तारीख १८ नोभेम्बर, १६६२ -को दिन 'सिक्किम प्रजातान्त्रिक युवा मोर्चा -ले नाम्चीमा एक सभाको आयोजना गरी जनता-जनार्दनको मनमा उठेका भ्रमहरू मेटाउन वक्तव्य दिनुपर्ने एक हफ्ताअघि विषय दिएर श्री चामलिङलाई बोल्न अनुरोध गरिएको थियो। उहाँले हाम्रो अनुरोधलाई सहर्ष स्वीकार गर्नुभयो र उक्त सभामा उहाँले दिनुभएको भाषण सिक्किमे जनताका घर-घरमा पुऱ्याउन आवश्यक ठानी केही सामान्य संशोधन गरी जस्ताको त्यस्तै सो सानो पुस्तिकाको रूपमा तपाईंहरूसमक्ष टक्र्याएका छौं। यस पुस्तिकालाई तपाईंहरूले ध्यान दिएर पढ़िदिने अनि वर्तमान राजनैतिक परिवेशको वास्तविकतालाई ठिम्याइदिने कोशिश गर्नु हुनेछ र साथै नबुझ्नेकाहरूलाई पनि बुझाइदिने कष्ट गरिदिनु हुनेछ भन्ने तपाईंहरू सबैबाट हामीलाई भरपर्दो आशा छ।
जय सिक्किम! जय सिक्किमे जनता!!

*अध्यक्ष*
*सिक्किम प्रजातान्त्रिक युवा मोर्चा*

गान्तोक, सिक्किम
१६ दिसम्बर, १६६२

# प्रतिवाद

मान्यवर सभापति महोदय,
'सिक्किम प्रजातान्त्रिक युवा मोर्चा'-का अध्यक्षज्यू अनि पदाधिकारीवर्ग; साथै मेरा प्रिय सिक्किमे दिदी-बहिनी तथा दाजु-भाइहरू!
सर्वप्रथम म 'सिक्किम प्रजातान्त्रिक युवा मोर्चा' -का पदाधिकारीवर्ग तथा सदस्य-साथीहरूमा हार्दिक धन्यवाद टक्र्याउँदछु, जसले आजको यस सभाको आयोजना गरी मलाई यसरी बोल्न निम्त्याउनु भयो! यहाँ मलाई बोल्नुपर्ने दिइएको विषय छ - ''मुख्यमन्त्री श्री नरबहादुर भण्डारीले तपाईंमाथि लाएका आरोपहरूबारे तपाईंको (अर्थात् मेरो) भन्नु के छ?'' आजसम्म मैले यस्तो कुनै मोका पाएको थिइनँ कि मलाई यस सम्बन्धी मनमा लागेका कुराहरू खोलेर भन्न सकुँ, त्यो मौका आज तपाईंहरूले मलाई दिनुभयो। म अत्यन्त आभारी छु।

### आरोपहरूको प्रतिवाद : 'सत्य कुरा'

मुख्यमन्त्री नरबहादुर भण्डारी सापले मलाई अनाहकमा मनपरी गाली-गलौच गर्दैहिँड़ेको, हुँदैनभएका अनेकवली मेरो विरुद्ध खोइरो खन्दै मनपरी फत्तूर धरिहिँड़ेको, र जताततै मेरो चरित्र-हत्या गर्दै मलाई पानीखेदो नै गरेर आएको कुरो तपाईं महानुभावहरू सबैलाई थाहै छ। उप्रति मेरो कुनै किसिमको व्यक्तिगत रीस-इबी छैन। सिद्धान्तमा खट्पट्, मत-भिन्नता र बाझो त लोग्ने-स्वास्नी अर्थात् घर-परिवारभित्रै वा साथी-संगी बीचमै पनि हुने गर्छन्। मेरो उसित सैद्धान्तिक चर्काचर्की, मत-भिन्नता र बाझो छ त राजनीतिको क्षेत्रमा; उसले अप्नाएका जनता-विरोधी नीति र कर्तूत्हरूलाई लिएर! तर उसले त मैले उसको भागै खोसेर खाइदेला जस्तो गरी व्यक्तिगत रूपले नै यसरी मलाई आफ्नो कट्टर दुश्मन ठानी, पहिले मन्त्रीमण्डल र त्यसपछि संग्राम परिषद् पार्टीबाटै हटाएर पनि संतोक नमानी, असारको पन्ध्र पनि नभनी बर्खेंभरि 'जन-सम्पर्क अभियान' -को नाममा लाखौंलाख जनताको धन (राजस्व) खर्च गरी, सारा सरकारी माध्यम लाएर मेरो विरुद्ध अन्टसन्ट धुवाँदार प्रचार गर्दै र गराउँदै हिँड़ेको कुरो तपाईंहरू सिक्किमे जनता कसैबाट पनि लुकेको छैन। त्यसैले भण्डारीले ममाथि लाएका आरोपहरूको जवाफमा अथवा स्पष्टीकरणकै रूपमा पनि 'सत्य कुरा' म तपाईंहरूसमक्ष राख्न चाहन्छु।

### सिक्किमे र सिक्किमको चौतर्फी विकास र सुरक्षा नै मेरो जीवनको लक्ष्य

जहाँसम्म मलाई लाग्छ, मैले तपाईंहरूलाई आफ्नो बारेमा बेलीविस्तार नलाई केही त भन्नैपर्छ, जो मेरो कर्तव्य ठहर्छ : सिक्किमको जन-क्रान्तिले राजनीतिको क्षेत्रमा उतारेको हो मलाई सन् १९७३ सालमा। त्यसपछि बीस वर्षको अवधिमा मैले मजस्तै शोषित, पीड़ित र दलित सिक्किमे मेरा दाजु-भाइ, दिदी-बहिनीहरूकै हक र हितका खातिर आफ्नो सावगास र अक्किल-बुद्धिले भ्याएसम्म निःस्वार्थ भावले सेवा गर्दैआएको कुरो तपाईंहरूलाई थाहै छ। म आफैले भनिरहने कुरो पनि होइन। तर यहाँनेर म कुन कुरो व्यक्त गर्न चाहन्छु भने हामी सिक्किमेहरूलाई साँचो अर्थमा 'लोकतान्त्रिक वा प्रजातान्त्रिक अधिकार' (democratic rights) प्राप्त गर्न र 'सामाजिक, आर्थिक तथा राजनैतिक न्याय' (social, economic and political justice) हासिल गराउनका साथै हरतरहले आम जनताको आर्थिक स्थिति उकाल्न दत्तचित्त रही सिक्किम र सिक्किमे मेरा दिदी-बहिनी, दाजु-भाइहरूलाई राष्ट्रिय मुख्य स्रोत (national main stream) -मा रहेर साम्प्रदायिक दुर्भावना जरैसित उखेली 'धर्म-निरपेक्षता' (secularism) -को आधारमा सिक्किमे जनता र सिक्किमको चौतर्फी विकास एवं उन्नति गर्नु गराउनु नै मेरो जीवनको एकमात्र लक्ष्य रहिआएको छ।

**तपाईंहरूको समर्थन : मलाई जिम्मेवारी र आशिर्वाद!**

सन् १९८५ -देखि यता एक जन-प्रतिनिधिको हैसियतले (विधायकको रूपमा चुनिएपछि) मेरो सम्पूर्ण प्रयत्न, ध्येय र धर्म-कर्म नै जनसेवा भइआएको तथ्य तपाईंहरू सबैले बुझिसक्नुभएकै छ भन्ने मलाई लाग्छ, र सिक्किम संग्राम परिषद् सरकारको एक मन्त्रीको रूपमा हुँदा पनि मैले आफूलाई सधैं गरीब-दुःखीको साथी, जनसेवक अथवा समाजका निम्न वर्गको हरतरहले भलो चाहने बाहेक अरू केही ठानिनँ, जससित दुःख-सुख बाँड्नुमा नै म सन्तुष्ट थिएँ - दिन होस् वा रात, घाम-पानी, आँधी-बेह्री जस्तैमा पनि म तपाईंहरूसँगै थिएँ, छु र हुनेछु। किनभने गत चुनाउहरूमा तपाईंहरूले सिक्किममा सबैभन्दा बढ़ी भोट दिएर, सबभन्दा बेसी आफ्नो माया र समर्थन दिई मलाई जिताउनुभएको कुरो म कदापि भुल्न सक्दिनँ र तपाईंहरूप्रति चिर ऋणी रहेको कुरो पनि जताउँदै म गर्वसाथ भन्न सक्दछु - मलाई सिक्किमको सबैभन्दा प्रिय जन-प्रतिनिधि हुने सौभाग्य प्राप्त छ। यसलाई मैले आफूमाथि आएको गहन जिम्मेवारी ठानेको छु र तपाईंहरूबाट पाएको आशिर्वाद पनि!

**'भूमिपूत्र नीति' : भण्डारीको भोट मागी खाने भाँड़ो**

मेरा सहवासी सिक्किमे गरीब-दुःखी-निमुखा बनीबुतो गरी खानेदेखि लिएर हली, कदालो, किसान, मजदूर, चपरासी, ड्राइभर, विद्यार्थी, शिक्षक, कर्मचारी, सानातिना व्यापारी, सर्वसाधारणका लागि, उनीहरूको हक-हितको जगेरा र हिफाजितको खातिर, मैले विधानसभाभित्र-बाहिर देशको नियम, विधान र कानूनलाई ननाघी आफ्नो हैसियत र हविगतले भ्याएसम्म संघर्ष गर्दै आएको तिएँ, गर्दैछु र गरिरहने छु। हाम्रो सिक्किममा सिक्किमवासीको इज्जत, मान-मर्यादा र हक-हित सुरक्षित रहुन्; र यहाँको रोजी-रोटी, नोकरी-चाकरी, उद्योग-धन्धाका वास्तविक हकदार पनि सिक्किमे छोरा-छोरी नै हुन् भन्ने मेरा स्पष्ट धारणा छ। प्रजातन्त्र वा लोकतन्त्रमा जनता स्वयं मालिक हन् र सिक्किमे जनता सिक्किममा नोकर होइन मालिक भएर बाँच्न पाउनुपर्छ, यो हाम्रो जन्मसिद्ध मौलिक अधिकार (fundamental right) हो भन्ने मेरो दृढ़ दारणा मात्रै होइन राजनैतिक सिद्धान्त पनि छ! यसैले, आज तर बाहिरका मान्छे मालिक अनि हामी सिक्किमे चाहिँ आफ्नै राज्यमा नोकर भयं भनेर अर्तात् 'भूमिपुत्र नीति' -लाई भण्डारीले जनतालाई भोट मागी खाने भाँड़ो मात्रै बनाएकोमा मैले विरोध गर्दैआएको थिएँ; किनभने यहाँका काम-धन्धा, ठेक्का-पट्टा तथा उद्योगहरूदेखि लिएर सरकारद्वारा चलाइएका हुटेलहरूधरि सबै मधिसे-कैंयाहरूलाई दिएर 'भूमिपुत्र नीतिमा मात्र सिक्किमे जनताको अस्तित्व निर्भर छ' भनी आफ्नो 'महानवाणी' भनेर छापी चारैतिर जोड़तोड़ले प्रचार गर्ने यो भण्डारीले खास सिक्किमे 'भूमिपुत्र' -हरूलाई चाहिँ के बनाउन खोजिरहेछ? सिक्किमे जनताले सो बुझिदिनुपर्छ।

**भण्डारीको खुल्लमखुल्ला भ्रष्टाचार : केही सबुत-प्रमाण**

सबुत-प्रमाणका लागि भन्नु हो भने 'सिक्किम फ्रुट प्रिजर्वेशन फ्याक्ट्री' आर.के. गोयललाई 'सिक्किम फ्लोर मिल्स्' रिदकरण मदनगोपाललाई त्यस्तै बिस्कुट तथा न्युट्रिशन फुड उत्पादन गर्ने फ्याक्ट्री कालेबुङको संजय पोद्दारलाई दिएकोदेखि लिएर 'सिक्किम डिस्टिलेरिज' -को रक्सी कमिशनमा बेच्ने सम्पूर्ण अधिकार दुर्गा थिरानीलाई दिएको छ, र कतिसम्म भने तिमीको एकमात्र चिया कमानसमेत मधिसे कैंयाको हातमा यो नरबहादुरले सुम्पिदिएको छ। के यी जनतामारा कर्तूत् होइनन्? अब सिक्किमे जनता 'भूमिपुत्र नीति' -को हावा-मिठाई मात्रै खाएर बाँच्न सक्ने छैनन्। उनीहरूको मान-मर्यादा र मौलिक अधिकारहरूको सुरक्षा हुनैपर्छ, जो भण्डारीले लाटा-सोझा र निमुखा सिक्किमे जनतामाथि अलिकति पनि दया-माया नराखी यसरी हनन् गरी राखेको छ।

**बेकारी मेरा भाइ-बहिनीहरूप्रति**

अरू त के कुरा, विकासोन्मुख प्रान्त यो सिक्किममा ठेका-बिघा गर्ने हाम्रा ठेकादारहरूलाई नै अहिले काम छैन। ब्याङ्क र कैंयाको कर्जामा उनीहरू नराम्र घतले डुबिसके। नातावाद र कृपावादले यहाँ सीमा०-नाघिसकेका छन्। जसले गर्दा आज सिक्किममा हाम्रा दाजु-भाइ, दिदी-बहिनी, चोरा-छोरीहरूले नै काम पाएका छैनन् भने अर्कोतिर चाहिँ ५०० जना बाहिरका त्यो पनि मधिसेहरूलाई शिक्षकको पदमा अझ स्थायीरूपले भर्ती गरी यो भण्डारीले सिक्किमे जनताको ढाँड़मै छुरी रोपेर यहाँका समस्त बेकारी नवयुवक-युवतीहरूलाई यसरी चुनौती दिएको छ। मेरा

सिक्किमे बेकारी भाइ-बहिनीहरूप्रति मेरो पूर्णतया सहानुभूतिका साथ शुभेच्छा छ। उनीहरूको संगठन कायम रहोस् र आफ्नो हक-हितका लागि उनीहरूले प्रजातान्त्रिक ढंगमा संघर्ष गर्दै आउन् भन्ने म चाहन्छु। तर यत्ति पनि यो भण्डारीलाई सही नसक्नु भएछ!

**जनताको थाप्लोमा २ अरब, १ करोड़, ६१ लाख, ४५ हजारको ऋण**

सन् १९७९ -मा भण्डारी 'घोड़े पार्टी' -बाट सत्तामा आएपछि अहिलेसम्म सिक्किम ब्याङ्कबाट जनताको रु. ८५,००,००० (पचासी करोड़ रुपियाँ) भन्दा बढ़ी रकम १९९ जना कैंयाहरू र ठूलाठालूहरूसित मिलेर खाएका छन्।

त्यति मात्रै होइन यो १३ वर्षको अवधिभित्र रु. १,८३,४८,३५,०००) एक अरब, तीरासी करोड़, अड़चालीस लाख, पैंतीस हजार रुपियाँ) -को ऋण कहिल्यै नउक्सिने गरी सिक्किमे गरीब-दुःखी, लाटा-सीधा जनताको थाप्लोमा यो भण्डारीले बोकाएको छ, जसको पुष्टि गत ९ सितम्बर, १९९२ -को दिन सिक्किम विधानसभाको एकदिने अधिवेशनमा मैले राखेको प्रश्नका उत्तरबाट भएको छ।

यो लिएको ऋणको ब्याज मात्रै सिक्किम सरकारले चालू वित्तीय वर्षमा रु. १८,१३,१०,००० (अठाह्र करोड़, तेह्र लाख, दश हजार रुपियाँ) तिर्नुपर्छ र साउँ-सुद मिलाएर जम्मा ऋण चुक्ता गर्नुपर्ने हुन्छ - रु. २,०१,६१,४५,००० (दुइ अरब, एक करोड़, एकसट्ठी लाख, पैंतालीस हजार रुपियाँ)।

यहाँ विचार गरिइनका लागि सिक्किमे तिर्नुपर्ने साउँ मात्रै रु. १,८३,४८,३५,००० (एक अरब, तीरासी करोड़, अड़चालीस लाख, पैंतीस हजार रुपियाँ) लिउँ। सिक्किमे जनतालाई अन्दाजी बराबरमा कति पर्नेरहेछ भन्दा सिक्किममा अहिले ५० हजार घरहरू होलान्, र यी ५० हजार घरहरूले बाकी रकमलाई भाग गर्नोस् - प्रत्येक घरलाई प्रा? रु. ३७,००० (सैंतीस हजार रुपियाँ) पर्छ। प्रश्न उठ्छ - यो ३७ हजारको ऋण जुन प्रत्येक घरलाई यसरी जबर्जस्ती परेको छ ती सबै घरहरू र घरका सदस्यहरूले चाहिँ के फाइदा पाए? यसैले ठीकै भनिएको छ - 'यत्रो बाकीमा डुबाएर भण्डारीले जनतालाई मागी खाने बनाएको छ। होइन भने आजका सिक्किमे गरीब जनताले उल्टो गाली र धम्की खाँदै 'हजुर मलाई लेट्रिन, च्यादर वा मलखाड़ी दिनुहोस्' भन्नुपर्ने थिएन!''

यीबाहेक सन् १९९१-९२ सालको लागि रु. ३०० लाख प्राकृतिक प्रकोप (natural calamity) -द्वारा पीड़ित व्यक्तिहरूका निम्ति केन्द्रीय सरकारबाट आयो। तर पाउनुपर्ने क्षतिग्रस्त व्यक्तिहरूले रु. २००/३०० -को दरले केहीलाई बाँड़िएको बाहेक, कुनै नगद सहायता अझैसम्म पनि पाएनन्। भल-पैहोले क्षतिग्रस्त ठाउँहरू र बाटो-घाटोको मरम्मतीका लागि पनि त्यो रकम खर्च गरिएन। त्यत्रो रकम कहाँ गयो?

**सेवाको नाममा सिक्किमे जनताको घेवा**

अनि त कसरी सिक्किमे सर्वसाधारण जनताको अवस्थामा सुधार आउने? गरीब अझ-अझ गरीब हुँदै गइरहेका छन् भने धनीहरू चाहिँ दिन दुइगुणा रात चौगुणाले धनाढ्य भइरहेका छन्। यहाँ उनीहरूकै सय-सय विसय विसय छ! यसरी हाम्रा सर्वसाधारण जनता दिनदिनै गरीबभन्दा गरीब हुँदै गएकाले पूर्णतया पराश्रित र असुरक्षित पनि हुँदै जाँदैछन्। तरै पनि कसैले केही भन्न सक्दैन। सबका सबलाई केस लाउने, गुण्डा लगाउने, ट्रान्सफर (बदली) गर्दिने, च्यादर नदिने धम्की दिइएको छ; र स्व. धर्मदत्त शर्मा झैं शहीद हुने पनि यहाँ कसैलाई रहर छैन, तर डर मात्र छ। यसरी जनतामा सर्वत्र डर र त्रासको भावना (fear psychosis) जग्जगी उब्जाएर सिक्किमे जनताको नाममा केन्द्रीय सरकारबाट आएको विकासको रकम (एक मुष्ठ धन) समेत एक-दुइजना कैंयाहरूसित मिलेर ढुक्कै खाइरहेका छन् भने अर्कोतिर आफ्नो बहुमूल्य भोट दिएर त्यो उच्च आसनमा पुऱ्याउने जनता-जनार्दनलाई नै उल्टो च्यादर, लेट्रिन अथवा टेरेसिडमा अल्मलाएर सिक्किममा हुनसम्मको एकतन्त्रीय र निरंकुश शासन यो भण्डारीले चलाइरहेको छ - सेवाके नाममा यसरी नै यसले सिक्किमे जनताको घेवा गरिरहेको छ।

**मलाई यो संसारैबाट हटाउने भण्डारीको योजना**

नरबहादुरका यी सब कालो कर्तूत्हरू र गलत नीतिप्रति सर्वसाधारण जनताको पक्षमा मैले विरोध जनाएकोले र जनता-जनार्दनको हक र हितका लागि आवाज उठाएकोले पार्टीको चाहिँदो सम्पत्तिबिनै, मलाई एक वचन पनि नसोधी, एकदमै अप्रजातान्त्रिक तौर-तरीका र बेकानुनी ढंगले मात्रै होइन तर बड़ो अशिष्टतापूर्वक गत तारीख १६ जून, १६६२ -को दिन मुख्यमन्त्री भण्डारीले मलाई हठात् मन्त्रीपदबाट र त्यसको ठीक १ महीना ३ दिनपछि तारीख १६ जुलाई, १६६२ -को दिन 'सिक्किम संग्राम परिषद्' पार्टीबाट पनि हटायो। त्यति मात्रै नभई अब मलाई 'राष्ट्रिय सुरक्षा ऐन' ('national security act' अनर्तर्गत पक्राउ गर्ने क्हेर्नोस् परिशिष्ट १] र संसारैबाट हटाउने योजना हुँदैछ भन्ने कुरो पनि विश्वस्त सूत्रबाट थाहा लागिरहेको छ, तर जन्म र मृत्यु त उही दैवको हातमा हुन्छ र 'देवको लाठी सबैमाथि' भन्ने कुरामा म विश्वस्त छु।

**जनताको घोर विरोध र भण्डारीको झूटो सफाइ**

जे होस्, मलाई यसरी मन्त्री परिषद्बाट हटाइनसाथ सारा सिक्किममा प्रजातन्त्रप्रति मरिमेट्ने जनताले सक्दो आपत्ति जनाए, पोष्टरिङ गरे र पर्चाहरू छपाई बाँड़ेर नरबहादुरको तानाशाही एवं एकतन्त्रीय शासनको भर्त्सना गर्दै घोर विरोध गरेको कुरो तपाईंहरूलाई थाहै छ, मैले यहाँ भनिरहनुपर्दैन। तर कुन कुरो चाहिँ सिक्किमे जनता सबैलाई थाहा नहोला भने त्यो जन-आक्रोशको सामना गर्न धौ-धौ पर्दा लाटा-सोझा सिक्किमे जनतालाई आमसभामा नाम्चीमा यही भण्डारीले 'पवन चामलिङलाई मैले कहाँ हटाएको हो र, गबर्नरले पो हटाएको हो!'' भनेर सरासर झूटो र सारा दोष महामहिम राज्यपाल महोदयको थाप्लोमा हालिदिई आफ्नो सफाइमा यस्तो अवैधानिक वक्तव्य दिएर उसले आफ्नो टाउको जोगाउनुपरेको थियो। यस विषय लिएर अहिले यत्ति भन्नु नै प्रश्त छ। [हेर्नोस् - परिशिष्ट २]

**ममाथि भण्डारीको 'जातिवादी' आरोप**

भण्डारी अरूलाई (उसका विरोधीहरूलाई) 'जातिवादी' racialist वा racist अथवा communal -को मोसो दलिदिने कुचेष्टा गर्दै आफ्नो 'विकृत साम्प्रदायिकता' (perverted communalism) -लाई चाहिँ सकेसम्म ढाकछोप गर्ने प्रयत्न गर्दैछ। मलाई उसले यही 'जातिवादी' भन्ने आरोप लाएर मन्त्री मण्डलबाट हटाएको थियो। सो पदबाट हट्नु परेकोमा मलाई रत्तिभर दुःख छैन। म आफै इस्तिफा दिनेथें। तर, दुःख मात्रै होइन ठूलो चोट लागेको छ मेरो हृदयमा - मलाई बर्खास्त गरिइने निहुँ पार्न यसरी हुँदैनभएको फत्तूर ममाथि लाएकोमा, प्रजातन्त्रको घाँटी यसरी यसले निमोठेकोमा! तर जनता-जनार्दन जिउँदै छन् - उनीहरू नै मेरा साक्ष हुन्। यस्तो असत्य आरोप ममाथि लगाइँदा म नै तीन छक्क परेको थिएँ। मेरो विरुद्ध नरबहादुरले लाएको यो 'जातिवादी' -को आरोपबारे सफाइ दिइरहने कुनै आवश्यकतै पनि ठानिनँ मैले त्यस बखत। बरू विभिन्न पत्र-पत्रिकाहरूले भण्डारीको यो कपोलकल्पित आरोपलाई खण्डन गरे, तीव्र भर्त्सना गरे; तर म चुप्पै लागेर बसें।

**कानूनले भनिरहेको छ - कहाँ जान्छस् मछली तँ....?**

कसैमाथि कुनै पनि आरोप लाउनु जत्तिको सजिलो छ त्यसलाई तर प्रमाणित गरेर देखाउनु त्यत्तिकै साह्रो छ। सो प्रमाणित गर्न नसकेको खण्डमा त्यो आरोप लाउने व्यक्ति नै एक नम्बरी जाली-फटाहा मात्र नभई महाको असती र अपराधी ठहरिन्छ। जनताको इजलासमा नरबहादुर भण्डारी आज त्यही भएको छ। र अझै म के भन्न चाहन्छु भने त्यो भण्डारीका जनता-विरोधी कालो कर्तूत्हरू विरुद्ध सिक्किमे जनताले 'महा-अभियोग' लगाएको दिन वा जन-अदालतले सो फैसला गरेको बेला नै यसले जनता-जनार्दनलाई ठगेर भलखाँड़ोमा जाकेको वास्तविक स्वाद चाहिँ पाउने छ। यसको विरुद्ध सीबीआईको मुद्दा र आफ्नो बचाउका लागि यसले अघिबाटै लिएको जमानी (anticipatory bail) यो आफैले बिर्सिए तापनि सिक्किमे जनताले कदापि बिर्सेका छैनन्, बड़ो व्यग्रतापूर्वक नतीजा पर्खेर बसेका छन्। कानूनले भनिरहेको छ - 'कहाँ जान्छस् मछली तँ उम्केर?'

**भण्डारीको पहिलो आरोप : म 'राईवादी' छु अरे!**

भण्डारीले ममाथि लाएको खत्तूरको तात्पर्य हो - म 'राईवादी' छु अरे! बेशक म एक सिक्किमे नेपाली राईको छोरो हुँ, र मेरो थर 'चामलिङ' भएकोले आफ्नो नामको पछि जात वा थर लेख्ने चलनचल्ती अनुसार मैले पनि 'पवन कुमार' मात्रै नभई त्यसमा 'चामलिङ' पनि जोड्न मनपराएँ, त मैले के बिराएँ? भन्न मलाई मन लाग्छ। के म एउटा मान्छे, सिक्किमे नेपाली, राई, चामलिङको सन्तान भएर जन्मिनु नै यहाँ मेरो अभिशाप (कलङ्क) भइदियो? के म यत्तिकैमा 'जातिवादी' भइगएँ र मतवाली 'साम्प्रदायिक' पनि? त्यसो भए नरबहादुरले आफूलाई 'भण्डारी' भनाउँदा र साँच्चै उ एक नम्बरको 'संकीर्ण वा विकृत जातिवादी र साम्प्रदायिक' भएर पनि यो चाहिँ उल्टो किन त्यो नठहरिने? 'जातिवाद र साम्प्रदायिकता' -लाई कुन अर्थमा लिएको छ, यसले त्यही नै स्पष्ट छैन। यो त मलाई उसको बाटोबाट पन्साउने एउटा निहुँ मात्रै हो! 'जात' र 'सम्प्रदाय' नै नभएको कुनै पनि मान्छे होला त यो हाम्रो सिक्किममा मात्रै किन र संसारभरि नै? भण्डारीलाई म सोध्न चाहन्छु - सिक्किममा जन-प्रतिनिधित्वका लागि स्थापित 'समानताको पद्धति' (parity system) र चुनाउमा सीटहरूको 'वितरण अनि आरक्षण' (distribution and reservation) नै के जातिवाद र सा जातिवाद र साम्प्रदायिकतामाथि आधारित छैनन्? यहाँनेर कुन कुरो खुलस्त गरिदिन चाहन्छु भने 'संकीर्ण वा विकृत जातिवाद र साम्प्रदायिकता' -को त कुरै छाँड़ौं 'विकृत राष्ट्रियता' (perverted nationalism) -को समेत म घोर विरोधी छु।

**जसको सुन खोटी उसको हियो ढुक्‌ढुक्**

कुरो के हो भने म पनि त एउटा मान्छे नै हुँ। ठूलो कुरो गरे जस्तो हुन्छ - यही नै मेरो वास्तविक जात हो, जो म राम्ररी बुझ्दछु। जात भएपछि मेरा पनि त आफन्तहरू हुने नै भए, जो मलाई दश काम छोड़ेर पनि भेट्न आउने गर्छन्। मेरो चुनाउ-समष्टि दामथाङ क्षेत्र र अवस्थल नाम्चीमा साँच्चै बहुसंख्यक राईहरू नै छन्। तर उनीहरू मात्रै मलाई भेट्न आउँदैनन्, सबै जात-जातिका आउँछन्। उनीहरू सबैको काम मैले सक्दो र बिना पक्षपात गरिदिनुपर्छ - गाउँ-घरका, बिहे-बटुलका, मराउ-पराउका, चाढ़-पर्वका, पूजा-आजाका, न्वरान-पास्नीका, कुल-पितृका, सभा-समितिका अर्थात् दुःख-सुखका कुराहरू हुन्छन्। त्यसरी नै मेरा साहित्यकार, पत्रकार, संगीतकार, राजनैतिक कार्यकर्ताहरूदेखि लिएर डाक्टर, इञ्जीनियर, वकिल, शिक्षक, व्यापारी, कर्मचारी, कण्ट्र्याक्टर, कृषक, मजदूर साथी-भाइहरू मलाई भेट्न आउने गर्चन्, र म पनि फूर्सदमा उनीहरूकहाँ जाने गर्छु। तर यो भण्डारीले कसरी उनीहरूसँगको भेटघाट मेरो 'संकीर्ण वा विकृत जातिवादी र साम्प्रदायिक' हो, अथवा हाम्रो भलाकुसारीमा खाली उसैको विरुद्ध मात्र कुरा हुन्छ र छेत्री-बाहुन विरोधी षड्‌यन्त्र रचिन्छ भन्ने ठान्न सकेको हो, एकदमै अचम्भलाग्दो कुरो छ। यसबाट 'जसको सुन खोजी उसको हियो ढुक्‌ढुक्' भन्ने मात्रै नभई उ कत्तिको आहिसे अनि तुच्छ र नीच पनि रहेछ भन्ने कुरो आफै छर्लङ्गिन्छ। यस्तो महाको स्वार्थी र कपटीको अदीनमा बसेर त कुरै छाँड़ौं संगतमा लागेर पनि निश्छल भावले जन-सेवा गर्छु भन्नु 'आकाशको फल आँखा तरी मर्' नै के हुन जाँदैन र?

**भण्डारीको दोस्रो आरोप : म 'छेत्री-बाहुन विरोधी' हुँ अरे!**

भण्डारी अझ धताउँदै घोक्रो सुकाउँछ - म 'छेत्री-बाहुन विरोधी' हुँ अरे! कारण मैले राई, लिम्बू (चोङ), तामङ, मगर, गुरुङ, सुनुवार, भुजेल, शेर्पा, लाप्चे, भोटेलाई मात्रै चेप्छु अरे! र म 'मंगोलाइड लिडर' उसैका शब्दमा (-''नेप्टे, थेप्चेहरूको नेता'') हुन खोजिरहेको छु अरे!!! तर सिक्किमे राई, लिम्बू, तामङ, मगर, गुरुङ, सुनुवार, भुजेल, शेर्पा, लाप्चे, भोटे यी बहुसंख्यक पछौटे जाति (backward classes) अनि अनुसूचित जन-जाति (scheduled tribes) -हरूको भलो चाहनु नै के मेरो महापराध भयो? मैले सिक्किमका यी दलित, पीड़ित र शोषित जाति-समूहहरूको भलो चिताउनु नै कसरी म 'छेत्री-बाहुन विरोधी' हुनु हो? भण्डारीलाई 'चिफ् मिनिष्टर' बनाउने त वास्तवमा उनैहरू हुन्। जे होस्, म नै सिक्किमको सर्वेसर्वा हुँ भन्दै सारा कानून-व्यवस्था (law and order) आफ्नो मुट्ठीमा कसेर यसरी मनपरी फतूर धरेर मात्र हिँड्न पाइँदैन, जनतालाई उसले त्यो प्रमाणित गरेर देखाउन सक्नु पनि पर्छ। लू, मैले 'छेत्री-बाहुन विरोधी' षड्‌यन्त्र रचिहिँड़ेको एउटै मात्र पनि सबूत-प्रमाण

नरबहादुरले जनतालाई दिएर चित्त बुझाउन सकोस्, म राजनीति सधैंभरिका लागि छोड़िदिनेछु - यो मेरो खुल्ला चुनौती हो भण्डारीलाई!

**'अन्य पछौटे वर्ग' -को 'कट्टर जातिवादी' शत्रु हो भण्डारी : केही तथ्य**

जहाँसम्म यो भण्डारीको 'संकीर्ण या विकृत जातिवाद र साम्प्रदायिकता' -को सलूक छ, यी केही तथ्यहरू विचार गर्नोस् भनी म तपाईंहरूको सामुन्ने राख्न चाहन्छुः

एकापट्टि-

१. 'जातिवादी खिचड़ी'

भण्डारीले जनसभा हुँदो भनिहिँड़्छ - 'रामचन्द्र पौड़ेलले सुप्रीम कोर्टमा केस गरेर सिक्किमे भोटे-लाप्चेलाई खान आँट्यो!' अनि अर्कोतिर चाहिँ सर्वोच अदालतमा 'बील नं. ७६ -विरुद्ध हाल्ने रामचन्द्रकै साक्खे भाइ सोमनाथ पौड़ेललाई सिक्किम संग्राम परिषद्मा सामेल गराएको कुरा तपाईंहरू सबैलाई थाहै छ। यसबाट यहाँ आर.सी. सित मिलेर भण्डारीले एउटै जातिवादी खिचड़ी पकाउँदैछ भन्ने कुरो सोझै प्रमाणित हुन्छ। ''सिक्किमे भोटे, लाप्चे र नेपाली बचाउँछु' भन्ने भण्डारी र 'बील नं. ७६ -लाई 'कालो बील' भनी मुद्दा चलाउने पौड़ेलको मिस्कट (मिश्रित) जातिवादी राजनीतिले सबैलाई उल्टो खाइरहेको त छैन? 'मुखमा राम-राम बगलीमा छुरा' भण्डारीको नीतिसँग होशियार हुनैपर्छ।

२. नाता-गोताबीच भाग-बण्डा

राजनैतिक नियुक्तिहरू (political appointment) -को छनोटमा मन्त्रीहरूदेखि लिएर विभागीय प्रमुखहरू सकेसम्म उसका आफ्नै जात-भाइहरू बनाइनु र राजधानी गान्तोकमा भवन निर्माण स्थलहरूको वितरणमा समेत राम्रा-राम्राजति पायक परेका सबै जग्गा आफ्नै नाता-गोताबीच भाग-बण्डा लाइनु के भण्डारीको 'साम्प्रदायिक सद्भावना' यही नै हो?

भने अर्कोपट्टि चाहिँ-

३. आतिथ्यमा हुनैनहुने असमानता

काठमाड़ौंबाट गान्तोक आएका साप्ताहिक 'विमर्श' -का सम्पादक तथा संवाददाता क्रमशः श्री हरिहर विरही (शर्मा), र श्री भरत कोइरालालाई राज्य सरकारका विशिष्ट पाहुनाका रूपमा इज्जत दिने अनि काठमाड़ौंबाटै यहाँ आएका साप्ताहिक 'छहरा' -का प्रधान सम्पादक श्री गोपाल छाङ्छा राईलाई चाहिँ ३ जनवरी, १९९२ -को दिन पत्रकार सहयोगीसहित ३ दिनसम्म गान्तोक थानाको हाजतमा बन्द राखी बेइज्जत गरी अझ पाँ सय रुपियाँ जरिमाना तिराई रम्फू सीमाना कटाउनु के यो भण्डारीको परिषद् सरकार र संग्राम पार्टीको सिद्धान्त अनुकूल आचरण हो?

**४. कहीं नभएको हुकुम - परमाङ्गी**

एकचोटि होइन, दुइचोटि होइन; जहिल्यै पनि मुख्यमन्त्रीको कहिले 'स्याल बिग्र्यो भने फ्याउरा हुन्छ, मतवाली बिग्र्यो भने 'ओबीसी' (obcअर्थात् other backward classe वा 'अन्य पछौटे वर्ग' हुन्छ। भन्नु, अनि कहिले ''थुक्क ... ओबीसी!'' भनेर सारा आम जनताको अगि थुक्नुदेखि लिएर कर्मकाण्डहरूमा बाहुन पनि चलाउने हामी सिक्किमे केही खास जातिहरूको धर्म र संस्कृतिलाई नै कुल्चेर ब्राह्मण सम्प्रदायप्रति नै घृणा-भाव जगाउने गरी 'अबदेखि उसो तिमेरले बाउन पढ़ाउनु' बिजुवा, फेदाङमा र बुङथिङ खबरदार; कहिले नचलाउनू!'' भन्ने कहीं नभएको भम्डारीको हुकुम - परमाङ्गीले के बताउँछ? ''ओबीसी भनेको लोदर हो!'' भन्ने यो भण्डारीलाई उसो भए के सुप्रीम कोर्ट पनि 'लोदर' हो त? भनेर हामीले सोध्नुपर्छ।

**निष्कर्ष**

यी सब सबूत-प्रमाणहरूले एउटै कुरो बताउँछन्, बताइरहेका छन् कि अरू कोही होइन; यो भण्डारी नै एक नम्बरको कट्टर मात्रै नभई 'अति संकीर्ण वा विकृत जातिवादी र साम्प्रदायिक' 'फासिष्ट' हो सिक्किममा। उ आफैले आफ्नो 'महानवाणी' भनेर छपाई चारैतिर बाँड़ेको पुस्तिकामा भनेकै छ त - ''गाईले पनि आफ्नो बाछो नै चाट्छ तर भैंसीको पाड़ो कहिल्यै चाट्दैन!'' यसलै मेरा प्रिय दिदी-बहिनी तथा दाजु-भाइहरू, यो भण्डारीले अरूलाई

'जातिवादी' -को मोसो दल्ने कुचेष्टा गर्दै आफ्ना संकीर्ण साम्प्रदायिक कालो कर्तूत्हरूलाई चाहिँ ढाकछोप गर्ने असफल गर्दैछ भनेर तपाईंहरूलाई मैले सचेत गराएको हुँ।

**ओबीसीप्रति मेरो समर्थन र त्यसका कारण**

हो अवश्य, मैले 'मण्डल आयोग' (mandal commission) -को 'ओबीसी' अर्थात् 'अन्य पछौटे वर्ग (other backward classes) -को सिद्धान्तलाई समर्थन जनाएको थिएँ र मेरो त्यो अड़ान यथावतै छ। ७ सितम्बर, १९९० -को दिन 'ओबीसी' लागू नगर्नको लागि सिक्किम विधानसभाले एउटा प्रस्ताव पारित गरी केन्द्रीय सरकारकहाँ पठायो।

यहाँका यी 'पछौटेवर्ग' मा लिम्बू (चोङ), तामङ, मगर, गुरुङ, राई, सुनुवार, भुजेल, जोगी जातिहरू पर्छन्। भण्डारीले ७ सितम्बर, १९९० -को दिन विधानसभामा सरकारको तर्फबाट एउटा प्रस्ताव पारित गरी चेत्री, बाहुन र नेवारलाई पनि पछौटे वर्गमा गाभ्नुपर्छ नत्र भने जातीय एकता भङ्ग हुन्छ भन्ने निहुँमा केन्द्रले दिएको 'ओबीसी' -को अधिकारबाट (मण्डल कमीशनअनुसार 'ओबीसी' -मा पर्ने) लिम्बू (चोङ), तामङ, मगर, गुरुङ, राई, सुनुवार, भुजेल र जोगीहरूलाई वञ्चित गराउने षड्यन्त्र गऱ्यो। यसैबाट स्पष्ट हुन्छ भण्डारी जातिवादी र 'ओबीसी विरोधी हो। एकजना मुख्यमन्त्री भएपछि सबै जातिको हित र हकको सुरक्षा गर्ने दायित्व हुनु पर्नेमा मतवालीवर्गले केन्द्रबाट पाएको 'ओबीसी' -को सहुलियत धरि यकरी खोस्ने भण्डारी जातिवादी र अन्य जातिको विरोधी प्रमाणित भएको छ।

केन्द्र सरकारले निर्णय लिएको पछौटेवर्गको हित र हकको लागि 'मण्डल कमीशन' -लाई समर्थन गरेर त्यसैमा अडिग रहनु नै के मेरो अपराध भयो? यतिमै के म भण्डारीको विरोधी भइगएँ त? केन्द्रीय सरकारले प्रदान गरेका पछौटेवर्ग अथवा 'ओबीसी' -को सहुलियत र सुविधासमेत देख्न सकी यसरी जबर्जस्ती खोस्ने मुख्यमन्त्री भण्डारी चाहिँ 'पछौटेवर्ग' अथवा 'मतवाली' विरोधी भएन त? यो भण्डारी झैं संकीर्ण जातिवादी र साम्प्रदायिक मुख्यमन्त्रीलाई सिक्किमे जनताले अहिले पनि नचिने कहिले चिन्ने? मैले त केन्द्रीय सरकारले यी पछौटेवर्गलाई दिएका सहुलियत पाउनुपर्छ अनि अरू सबै सिक्किमेको सुरक्षा हुनुपर्छ भनेको हुँ र जसको निम्ति म अडिग छ। ता. १६ नोभेम्बर, १९९२ -को दिन सर्वोच्च न्यायालयका मुख्य न्यायाधीश श्री एम.एच. कानियाँको अध्यक्षतामा बसेको ९ जना जजहरूको खण्डपीठले यो पछौटेवर्ग अर्थात् 'ओबीसी' -लाई मान्यता दिएको छ। के अब भण्डारीले 'सुप्रीम कोर्ट' -लाई पनि साम्प्रदायिक भन्ने त? क्हेर्नोस् - परिशिष्ट ३]

**भण्डारी कसरी तीन-तीनपल्ट मुख्यमन्त्री भयो?**

सन् १९७९ -को चुनाउ भण्डारीले ''सिक्किम फर्काउँछु'' भनेर जित्यो। तर चुनाउमा जितेर सिक्किम जनता परिषद् सरकारको मुख्यमन्त्री हुनेबित्तिकै उसले भन्यो - ''सिक्किम भारतमा गाभियो - गाभियो, त्यसलाई कोट्याइरहने कुरै छैन!'' अनि भारत सरकारलाई १८ अक्टोबर, १९७९ -को दिन ''मेरा जनता, मेरो पार्टी र मेरो सरकारले सिक्किम भारतमा विलय भएकोमा आजदेखि अन्तिम रूपले समर्थन गर्दछ'' भनी भण्डारीले सही-छाप गरिदियो। त्यसको डेड़ वर्षपछि नै उ दलबलसहित दिल्ली तत्कालीन प्रधानमन्त्री श्रीमती इन्दिरा गान्धीको सरकारी आवासमा ७ जुलाई, १९८१ -को दिन 'घोड़े दल' बदली कंग्रेसी (इ.) भयो। तर भ्रष्टाचार अनि अधिकार - दुरूपयोगको अभियोगमा ११ मई, १९८४ -को दिन भण्डारीलाई भारत सरकारले मुख्यमन्त्री पदबाट र अखिल भारतीय कंग्रेसले पार्टीबाट पनि बर्खास्त गरिदिएपछि सीबीआईको मुद्दा उसको विरुद्ध दर्ता भयो र ''मेरो कोई दुश्मन छ भने त्यो हो कम्युनिष्ट!'' भन्ने नरबहादुरले पश्चिम बंगालको कम्युनिष्ट मुख्यमन्त्री कमरेड श्री ज्योति बसुको शरण गरेर कलकत्ता उच्च न्यायालयबाट सुटुक्क अग्रिम जमानी (anticipatory bail) लिई २४ मई, १९८४ -को दिन दिल्लीमै 'सिक्किम संग्राम परिषद् पार्टी' -को गठन गरेर सिक्किम आई यहाँका सोझा-सीधा जनतालाई ''तपाईंहरूको हक, अधिकार र सीट माग्दा मलाई दिल्लीको सरकारले यसरी हटायो!'' भन्दै सर्वत्र झूटो कुरा गरी, रोई-कराई बिलौना गरिहिँड़ेकोले जनता-जनार्दनले टिठाएर अनि स्वाभिमानवश केन्द्रीय सत्तारूढ़ पार्टीको नेतृत्वलाई नै राजनैतिक थप्पड़ दिई भण्डारीलाई फेरि मुख्यमन्त्रीको गद्दी बसाए।

तर पाँच वर्षभरि भण्डारीले भोग-विलासमा चुर्लुम्मै डुबेर बितायो। जसको फलस्वरुप आफ्नै स्वास्नीने समेत भण्डारीको विरोध गर्न वाध्य हुनुपरेकोले कंग्रेस (इ) -मा सामेल भएर श्रीमती दिलकुमारी भण्डारीले लोग्ने मुख्यमन्त्री नरबहादुरको भण्डाफोर गर्दै घोर भर्त्सना र विरोध गर्दै हिंड़ेकी सारा जगत्‌लाई थाहै छ। अनि त, होस् पनि कसरी त्यस अवधिमा जनताको महत्वपूर्ण कुनै पनि काम! सर्वत्र दङ्‌दङ्‌ती दुर्गन्धले सिक्किमै ढाकिएको थियो। त्यसबेला भण्डारीले फेरि जनताको सहानुभूति खोजेरै होला नाइटोदेखिको बल निकालेर चिच्याउँदै हिंड़ेकोथ्यो - ''मेरी सीतालाई दिल्लीको रावणले हरेर लग्यो!'' भनेर।

सन् १९८९ -को चुनाउ आयो। सिक्किमे जनतालाई ''तीन खेपमा राङ्गा पनि छिन्छ, अब आखिरी मौका मलाई दिनुहोस्!'' भन्दै उही पहिलेकै झैं आकाश-पताल देखाई रोई-कराई गरी भगवान् गणेशलाई साक्षी राखी कसम खाई भोट मागिहिंड़ेकोले जनता-जनार्दनले तेस्रोपल्ट पनि मुख्यमन्त्री बन्ने मौका दिए। तर तीन-तीनपल्ट मुख्यमन्त्री भएर भण्डारीले जनतालाई दिएको वचन-मूलभूत कहाँदेखि कहाँ पुग्यो; तर उसलाई मुख्यमन्त्री बनाउने सर्वसाधारण जनता भने जहाँका तहीं ज्यूँका त्यूँ छन्।

**'सीट आरक्षण' र भण्डारी : जनतासित खेलाँची**

यसैले, मेरा प्रिय दाजु-भाइ तथा दिदी-बहिनीहरू हो, अझै पनि यो भण्डारीसित होशियार नरहे फेरि पनि साह्रै नराम्रो गरी हामी ठगिइने छौं र सके हाम्रो उद्धार पनि त्यसपछि कहिल्यै हुनसक्ने छैन। सिक्किम भारतमा गाभिइनुभन्दा प्रायः वर्ष दिनअघि सन् १९७४ -मा 'समानताको परिपाटी' (parity system) -अन्तर्गत 'एक व्यक्ति एक भोट' -को आधारमा चुनाउ भएको थियो, जस अनुसार सिक्किमे भोटे-लाप्चे १५, नेपाली १५, संघ १ र अनुसूचित जाति १ गरी जम्मा ३२ सीट आरक्षित थिए। सन् १९६६ -मा चोङ (लिम्बू) हरूको निम्ति आरक्षित एउटा सीट सन् १९७४ -मा खोसियो र साथै त्यसको पाँच वर्षपछि सन् १९७९ -मा सिक्किमे नेपालीहरूको आरक्षित सीट पनि। क्हेर्नोस् - परिशिष्ट ४] संविधानको धारा ४३ -को उपधारा ७ अनुसार राष्ट्रपतिको अध्यादेश मुताबिक त्यही साल भएको चुनाउमा भण्डारीले ''गुमेको सीट आरक्षण पनि म दिलाउँछ'' भनी ३२ -मा १७ सीट जितेर 'सिक्किम जनता परिषद् सरकार' गठन गर्न सकेको थियो। तेस्रोपटक मुख्यमन्त्री भएर त्यही भण्डारीले कहिले ''३२ सदस्यीय सिक्किम विधानसभामा १३ सीट भोटे-लाप्चे गुम्बा समेतका लागि, १३ सीट सिक्किमे नेपालीहरूका लागि, २ सीट चोङ (लिम्बू) समुदायका लागि र २ सीट चाहिँ सामान्य (general) हुनुपर्छ' भन्छ त अहिले चाहिँ ''भोटे-लाप्चे १६ र नेपाली १६ गरी सीट आरक्षण गर्छु'' भनेर अथवा मनमा जे आयो त्यही बक्दै हिंड़्दैछ।

भण्डारी यसरी आज आत्तिसकेको छ। किनभने उसले यी सब ढाँट कुरा मात्रै गरेको सारा जनताले पनि अब त बुझिसकेका छन् भन्ने उसको मनमा लागिसकेको छ। सन् १९७९ -कै जनता अहिले छैनन्। अनि त खुल्लेआम जन-सभा हुँदो पनि जीउ-छाड़ेरै भनिहिंड़्दैछ - ''जब तपाईंहरूले अर्को चिफ् मिनिष्टर बनाए पनि मलाई केई छैन!'' के यो सिक्किमे जनता-जनार्दनमाथि अचाक्लीको हेपाइ भएन र? अनि अर्कोतिर केवल आफ्नो सत्ता बचाउनका लागि ''मलाई अब आखिरी मौका दिनुहोस् म 'प्यारिटी' अनुसार सीट ल्याएरै छाड़्छु'' भन्न थालिसकेको छ - तीन-तीनपल्ट सिक्किमे जनताले मुख्यमन्त्री बनाएर पनि सीट आरक्षण गर्न नसक्ने यही भण्डारीले। कत्ति अचम्भको कुरो छ यो! के सिक्किमे जनता - भण्डारीको खेलाँची मात्र हुन्?

**के योभन्दा ठूलो विश्वासघात अर्को कुनै हुनसक्छ?**

सन् १९५३ -को स्टेट काउन्सिल तथा एक्जिक्युटिभ काउन्सिलको घोषणाले परिकल्पना गरेको साम्प्रदायिक प्रतिनिधित्वमा आधारित चुनाउमा 'समानताको पद्धति' (parity system) अनुसार सन् १९७८ सम्मै चलेर आएको 'सीट आरक्षण' (seat reservation) यो भण्डारीको १३ वर्षे शासनकालमा, उसले जनतालाई करार गरे बमोजिम, अहिलेसम्म पनि किन प्राप्त हुनसकेन? अर्थात् सन् १९६६ -मा चोङ (लिम्बू) -हरूको निम्ति आरक्षित भएको एउटा सीट सन् १९७४ -मा र उसैगरी त्यसको ५ वर्षपछि सन् १९७९ -मा खोसिएको 'नेपाली सीट' अझै पनि किन फिर्ता गरिएन? 'सीट आरक्षण' -को त कुरै छाड़ौं, सिक्किमे तामङ र चोङ (लिम्बू) जाति-

समुदायलाई केन्द्रीय सरकारले 'अनुसूचित जनजाति (scheduled tribes) -को स्थान दिने दिन रोकिदियो। यसरी सिक्किमे पछौटे वर्गीय जनताको हक-हितको जगेर्ना गर्नुको सट्टा उल्टो उनीहरूलाई नै थिचिइन्छ, मिचिनन्छ र चक्नाचूर हुने गरी कुल्चिइन्छ भने योभन्दा ठूलो अन्याय र अत्याचार के हुनसक्छ? वास्तवमा सिक्किम भारतमा (१६ मई, १९७५ -को दिन) गाभिइनुमा पनि सबभन्दा मुख्य कारण सिक्किमे जनताको सामाजिक, आर्थिक र राजनैतिक तथा अन्य मौलिक अधिकारहरू (fundamental rights) -को त्यतिखेर कुनै 'ग्यारेण्टी' नभएरै हो, र सिक्किमे जनताले सिक्किम भारतमा विलस भएपछि त प्रजातन्त्राकि व्यवस्था अनुसार सबै क्षेत्रमा अघि बढ्ने समान अवसर र अधिकार पाउनेछौं भन्ने आशा र विश्वाससाथ भरपर्नु स्वाभाविकै थियो, तर अहिले आएर यो भण्डारीले आफ्नो स्वेच्छाचारी एवं निरंकुश शासनले जनतालाई जकड़ाएर उल्टो उनीहरूका इच्छा, आकांक्षा र उद्देश्यलाई नै जसरी धूलो-पीठा पारिदिएको छ, राजनीतिको क्षेत्रमा योभन्दा ठूलो विश्वासघात अर्को हुनै सक्दैन।

**के 'व्यापारी' एउटा सिक्किमे जाति हो?**

नरबहादुर भण्डारीको आसनमा गजधम्म बसेर 'संसारमा स्त्री र पुरूष दुइ जात मात्र हुन्' भन्ने 'महावाणी' भनेर छपाई धुमधामसित प्रचार गर्ने त्यही भण्डारीले फेरि अहिले जहिले पनि निर्धक्कै सिक्किमे चार जातको कुरा गर्छ - भोटे, लाप्चे र नेपाली मात्र होइन, अर्को पि यहाँ एउटा जात छ अरे, त्यो हो 'व्यापारी'! उसका 'बिजिनेस पार्टनर' -हरू आर.के. गोयल, रिदकरण मदनगोपाल, दुर्गा थिरानी, बेगराज अग्रवाल, आर.सी. मुद्रा, छबिलदास आदि मात्रै भण्डारीको यो नयाँ जाति 'व्यापारी' -मा पर्नेहरू हुन्। तर सानातिना बन्द-बेपार गरी खाने हाम्रा दाजु-भाइ, दिदी-बहिनीहरू कसै गरेर पनि उसको दृष्टिमा 'व्यापारी' होइनन् र यी हातका औंलामा गन्नसकिने केही व्यक्तिहरूलाई रिझाउन तिनीहरूको सिक्किमे एउटा जातै सृष्टि गरिदिन यसरी यहाँ यो भण्डारीले चाहेको छ। तर 'व्यापारी' बन्ने कुनै 'जात' वा 'जाति' होइन र हुँदैन पनि संसारैभरि - यो त एउटा पेशा हो, र 'व्यापारी' जो पनि हुनसक्दछन्। यो भण्डारीले किन चाहिँ एउटा 'जाति' नै बनाउन खोजिरहेको छ यी 'व्यापारी' -लाई हाम्रो यो सिक्किममा? यहाँका मूल तीन जाति भोटे, लाप्चे र नेपालीलाई नै मास्न त होइन? भन्ने प्रश्नहरूको उठान् हुनु पनि एकदमै स्वाभाविक हो।

**'धर्म-निरपेक्षता' -माथि भण्डारीको गधे लात**

भारत 'धर्म निरपेक्ष राष्ट्र' (secular state) हो। सिक्किम भारतमा गाभिएर २२ औं प्रान्त भइसकेपछि भारतीय संविधानका मूलभूत सिद्धान्तहरू नै हाम्रो आफ्ना हुन्। सिक्किम विधानसभामा लामाहरूको लागि एउटा 'संघ सीट' सुरक्षित छ र कार्यपालिकामा एउटा छुट्टै 'धर्म-सम्बन्धी विभाग' (department of ecclesiastical affairs) उहिलेदेखि नै चलिआएको छ जसले राज्यमा धर्मसम्बन्धी कार्यकलापहरूको देखरेख गर्दछ। तर यसको अर्थ यो होइन कि यहाँका अरू धर्म-प्राण जनतामाथि धार्मिक थिचोमिचो वा हेलाहोंचो होस्, जो भण्डारीको शासनकालमा सिक्किममा खुल्लमखुल्ला भइरहेका छन्; जस्तै - क्रिस्तान धर्मावलम्बीहरूको विरोधमा यिनीहरूलाई सजाय दिनुपर्छ भनी ''सबै धर्म समान छन् यसैले सबै धर्मलाई सम्मान गरी'' भन्ने एकातिर आफ्नो ''महावाणी'' छापी बाँड्ने भण्डारीले अर्कोतिर भने भूतपूर्व प्रधानमन्त्री (स्व.) राजीव गान्धीलाई ७ अक्टोबर, १९८८ -को दिन आफ्नो दलबलसहित नयाँ दिल्ली गई भेटी 'ज्ञापन पत्र' चढ़ाएको कुरो सबैलाई थाहै छ। जसमा स्पष्ट शब्दमा लेखिएको छ - 'क्रिस्तान धर्म-संगठनहरूले गरीब र निर्दोष मानिसहरूलाई लोभ देखाएर क्रिस्तान धर्ममा सामेल गर्ने काम गरेको कुरा राज्य सरकारको नजरमा आएको छ। हालमा सिक्किममा ... यस्तो काम गर्नेहरूलाई सजाय दिने कुनै कानून छैन। त्यसकारण हामी केन्द्र सरकारलाई यस विषयमा आग्रह गर्दछौं जसो हुँदा यो काम रोक्न सकियोस् अनि दोषीहरू सजायका भागीदार बनून्।''

**के नरबहादुर स्वयं सजायको भागीदार छैन र?**

अहिले आएर तर फेरि त्यही भण्डारीले आफ्नो भाषणमा बारम्बार एकातिर ''तिमीहरू जुन धर्ममा जन्म्यौ त्यही धर्ममा मर्नू'' भन्नु र अर्कोतिर चाहिँ 'बिजुवा, फेदाङमा र बुङथिङ लोदर हो!'' भन्दै फलाक्दै हिँड्नुको माने चाहिँ

के हो? खुल्लेआम ''गरीब र निर्दोष मानिसहरूलाई लोभ देखाएर'' होइन तर अझ बढ़ी धम्की देखाएर यहाँ 'धर्म' -मा जबर्जस्ती परिवर्तन गर्नु र गराउनु खोज्नु होइन र यो? अनि त क्रिस्तानहरूको सम्बन्धमा उ आफैले भनेको 'सजायको भागीदार' भण्डारी चाहिँ किन नहुने?
निष्कर्षमा भनौं - यो नै भण्डारीको सिक्किमे जनतामाथिको सांस्कृतिक आक्रमण र धार्मिक असहिष्णुताको प्रत्यक्ष प्रमाण हो, र साथै भारतीय संविधानको मूलभूत सिद्धान्त 'धर्म निरपेक्षता' अनि 'विश्वा, धार्मिक आस्था तथा उपासनाको स्वतन्त्रता' (liberty of belief, faith and worship) माथि नै एक 'संकीर्ण वा विकृत जातिवादी र साम्प्रदायिक तानाशाही सिक्किमे भन्नु पनि लाजमर्दो मुख्यमन्त्री गधे-लात हनाइ हो।

**भाषा मान्यताको संग्राम 'आर्य-अनार्य' -को कुरो उठाउने भण्डारीको कुत्सित तात्पर्य**

उसैगरी, पूर्व राष्ट्रपति श्री रामास्वामी वेंकटरमणको सिक्किम भ्रमणमा २१ अक्टोबर १९९१ -को दिन सिक्किमे जनता र सरकारको तर्फबाट भण्डारीले उहाँलाई चढ़ाएको 'स्मारक पत्र' -मा नेपाली 'आधुनिक भारतीय आर्य भाषा हो' भनी सिक्किमका मुख्यमन्त्रीको हैसियतले सरकारी तोक लाइदिएबापत एउटा ठूलो विवाद अहिले यहाँ उठिरहेको छ, जो स्वाभाविकै हो। शिक्षित समूदायमा मात्रै होइन लाटा-सोझा जनतालाई धरि घत नपर्ने आफ्नो खाली अहँको तुष्टिमा 'आर्य' र 'अनार्य' -को भेद्‌भाव उप्जाई आ-आफ्नै बोली र भाषा भएर पनि नेपाली भाषालाई वर्तमान रूप दिने बहुसंख्यक सिक्किमे जाति-समूदायहरूमा हीनताको भावना (inferiority complex) उकास्ने चेष्टा गरी आफ्नो राजनैतिक दुनो सोझ्याउने एकमात्र उद्देश्य यहाँ भण्डारीको स्पष्ट छ। उत्पत्ति हाम्रो जहीँबाट भए पनि अहिले हामी सिक्किमे भएजस्तै नेपाली भाषाको उत्पत्ति संस्कृतबाटै भएको र भाषा-परिवारभित्रकै आधारमा भन्नुपर्दा यसलाई 'भारत-यूरोपेली' वा छोटकरीमा 'भारोपेली' (indo-european) भन्नुपरे तापनि वर्तमान 'भोट-बर्मेली' वा 'मंगोलीय' अथवा 'किराती' भाषा-खलकसित जो सम्मिश्रित एक आधुनिक भारतीय भाषा हो भन्नुपर्दछ। 'संस्कृत', त्यो पनि 'वैदिक' होइन 'लौकिक संस्कृत' -बाट 'पाली' र 'पाली' -बाट 'नेपाली' भई आएको यो भाषालाई आफू बड़ो 'आर्य' र अरूहरूलाई चाहिँ 'अनार्य' अनुभव गराउने दुराशयले भण्डारीले जस्तो कसैले पनि विशुद्ध आर्य भाषा यसरी अहिले आएर भन्छ भने त्यो उसको मनको कपट वा बुद्धिको दिवालियापनबाहेक अर्थोक केही होइन! कोई त, दक्षिण भारतका भाषाहरू कन्नड़, मलायलम, तामिल र तेलुगूलाई संविधानको आठौं अनुसूचीमा गाभ्न 'द्राविड़ खलक' -को नभनी 'विशुद्ध आर्य परिवार' -को हो भन्ने ढाँट कुरा गरिरहनुपरेन त!

**भण्डारीको तेस्रो आरोप : म नेपाली भाषा-विरोधी हुँ अरे!**

यसो भन्दा मलाई 'एपाली भाषा-विरोधी' र नेपाली भाषाले संविधानको आठौं अनुसूचीमा मान्यता पाएकोमा म खुशी छैन भन्ने धुवाँदार प्रचार आफूलाई नेपाली भाषा-साहित्यको क्षेत्रमा पनि सर्वेसर्वा ठान्ने यो नरबहादुरले चारैतिर गराउँदै आइरहेको छ। यहाँनेर पनि उसको त्यही धताइ छ - म 'छेत्री-बाहुन विरोधी' भन्ने फत्तूर धराइ! अचम्भलाग्दो कुरो छ - के यो नेपाली भाषा छेत्री-बाहुनको मात्रै हो त? हामी सम्पूर्ण भारतीय नेपाली जसले यो भाषा-संघर्षमा दिलोज्यानले साथ दियौं र अहिले संवैधानिक मान्यता पाउनसाथ के यो भाषा भण्डारी र उसका शाखा सन्तानहरूको मात्रै पेवा हुने? के हामी अरू सबै तागाधारीहरूकै लागि मात्र लड़ेका हौं त? यी तीनवटा प्रश्नका उत्तर उसको ममाथि लगाइएको आरोपबाट 'हो' भन्ने पाइन्छ। यसमा म यति नै भन्न चाहन्छु - नेपाली भाषा र साहित्यको संवर्द्धन अनि विकासका लागि म आफै चोखो मनले एक कवि-लेखक भएर साधनारत रहेको / सन् १९७८ -मा आफ्नो सावगास र गच्छेले भियाए अनुसार 'निर्माण प्रकाश' -को स्थापना गरी सोही प्रकाशन संस्थाबाट अधिकांश सिक्किमे लेखक-लेखिकाहरूका अहिलेसम्म २५ वटा पुस्तकहरू (सबै साहित्यिक) प्रकाशित भइसकेका / मेरै सम्पादनमा नेपाली त्रैमासिक साहित्यिक पत्रिका 'निर्माण' गत जनवरी १९७८ -देखि (अनियमित रूपले नै भए पनि) प्रकाशित हुँदै आएको / र साथै 'नेपाली भाषा समिति' -का शाखाहरू साथी-भाइहरूसित मिली यस क्षेत्रमा स्थापित गरी नेपाली भाषाको संवैधानिक मान्यताका लागि सांगठनिक कार्यहरू गर्नका साथै जन-मत तयार पार्न प्रभावकारी कदमहरू चालिएका कुराहरूको सम्झना म तपाईंहरूलाई गराउन चाहन्छु। नेपाली

भाषा-साहित्यप्रेमी मेरा सिक्किमे  दाजु-भाइ, दिदी-बहिनीहरूले कमसेकम यी तथ्यहरू बुझ-पचाइदिनु हुनेछैन भन्ने मेरो विश्वास छ। यसैले, म 'नेपाली भाषा विरोधी' हुँ वा के हुँ, यो भाषाले संवैधानिक मान्यता पाएकोमा म कत्तिको खुशी छु वा छैन भन्ने कुरा त आफ्नी आमातुल्य 'मातृभाषा' -लाई समेत राजनीतिको दाउमा लाउने अनि आफ्नो स्वार्थपूर्तिको साधन तुल्याउने र भदौमा फुटेका गोरू-आँखाले हेर्ने यो भण्डारीले होइन, तर न्यायप्रेमी जता-जनार्दनले नै खुट्याउनु हुनेछ।

**भाषाको संवैधानिक मान्यता 'भीख' वा 'बक्सीस्' होइन**

जे होस्, साड़े पैंतीस वर्षको हाम्रो प्रजातान्त्रिक संघर्षपछि नेपाली भाषाको संवैधानिक मान्यता सम्बधी विधेयक गत २० अगस्त १९९२ -को दि संसदका दुवै सदमा सर्वसम्मतिले पारित भयो। यद्यपि गृहमन्त्री श्री शंकरराव चाहवानले लोकसभामा 'नेपाली भाषालाई 'गोर्खाली' वा 'गोर्खा' भाषाभन्दा पनि केही आपत्ति छैन' भनी आफ्नो प्रस्ताव -अन्तर्गतको वक्तव्यमा भन्नुभएको थियो, जसमाथि सही छाप राष्ट्रपतिको केही दिनअघि भइसकेको छ। संवैधानिक मान्यता पाउने अन्य दुइ भारतीय भाषाहरू पनि छन् - 'कोंकणी' र 'मणिपुरी' भन्ने कुरो पनि यहाँहरू सबैलाई थाहै हुनुपर्छ। तर यस सम्बन्धमा हामीले कुन कुरोलाई पटक्कै बिर्सिदिनु हुँदैन भने हामीले हाम्रो भाषाको संवैधानिक मान्यता रोई-कराइ गर्दैमा अथवा कसैको कृपा वा दया-मायाले पाएका होइनौं। यो कसैको पनि बिर्ता वा निजी सम्पत्ति होइन जो हामीलाई 'भीख' वा 'बक्सीस्' दिइएको होस्। यो त हाम्रो संवैधानिक अधिकारलाई यत्तिको वर्षपछि हामीले नै संघर्ष गरी प्राप्त गरिछाड़ेका हौं।

**'लङ्का मार्ने हनुमान पगरी गुथ्ने ढेंडू'**

तर जसको श्रेय केवल एक-दुइ व्यक्तिले दावी गऱ्यो भन्दैमा तिनीहरूलाई मात्रै दिएर हुँदैन। जस्तो यो नरबहादुरले अलिकति पनि लाजै नमानी 'लङ्का मार्ने हनुमान पगरी गुथ्ने ढेंडू' भने झैं यो श्रेयको पगरी आफैलाई गुताइरहेको छ, मानो नेपाली भाषाको संवैधानिक मान्यताको निम्ति सबथोक गर्ने उही मात्रै हो! आफ्ना चम्चाहरूलाई धुराई सारा सरकारी माध्यमसमेत खर्च गरेर चारैतिर यही प्रचार-प्रसार जोड़ तोड़ले गर्न-गराउन 'भण्डारीले अन्धाधुन्ध पैसाको खोलो बगाइरहेको छ। योभन्दा ठूलो र लाजमर्दो आत्मस्तुति वा आफ्नो गुणगान आफैले गरेको अरू के नै पो हुन सक्ला! गजब छ!

**भाषा-मान्यताप्राप्तिका वास्तविक हकदारहरू**

यसको श्रेय त सबभन्दा पहिले भारतका एक करोड़ ती सम्पूर्ण नेपाली भाषा-भाषी जनतालाई छ जसले यो भाषिक आन्दोलनलाई हार्दिक समर्थक गरे र निरन्तर अघि बढ़ाए; अनि यो श्रेयका अधिकारीहरू हुन् - ती स्वनामधन्य कवि-लेखक, कथा-उपन्यकार, निबन्ध-प्रबन्धकार, नाटककार, समालोचक, अनुसन्धानकर्ता, साहित्येतिहासकार, वैयाकरण, शब्द-कोशकारका साथै सम्पादक, प्रकाशक तथा कर्मठ भाषा-साहित्यसेवीहरू जसले आफ्ना सम्पूर्ण शक्ति, बुद्धि र आयुसमेत यही भाषा-साहित्यको संवर्द्धन एवं विकासका लागि निःस्वार्थ भावले समर्पित गरेका छन्; र त्यसपछि नेपाली भाषाको संवैधानिक मान्यताका लागि दिलोज्यानले संघर्ष गर्ने ती सबै साहित्यिक, सामाजिक, शैक्षिक तथा राजनैतिक संगठनका नेता र कार्यकर्ताहरू यो श्रेयका वास्तविक हकदारहरू हुन्, भने कुन मुखले भण्डारीले यो श्रेय आफैले मात्र कुम्ल्याउन खोजिरहेको छ - तीन छक्क-अठाह दंग पर्ने कुरो छ!

**नेपाली भाषा-संघर्षको इतिहासमा भण्डारीको स्थान**

जहाँसम्म नेपाली भाषाको संवैधानिक मान्यताको संघर्षको इतिहास छ, यसको वास्तविक रूपले उठान् देहरादूनबाट १८ जनवरी १९५६ -को दि भएको १६ वर्षपछि / दार्जीलिङका पहाड़ी ती महकुमाहरूमा नेपाली भाषालाई 'सरकारी भाषा' (official language) -को रूपमा मान्यता दिलाउन स् १९६१ -मा त्यहाँ भएको जन-आदोन्दोलन र त्यसको प्राप्ति (२५ सेप्टेम्बर १९६१) -को १४ वर्षपछि / सन् १९६७ -मा 'सिन्धी भाषा' -लाई संवैधानिक मान्यता दिइनसाथ सर्वप्रथम दार्जीलिङमा  १८ अप्रेल १९६७ -को दिन 'नेपाली भाषा संघर्ष समिति'

गठित भएको ८ वर्षपछि / अनि त्यसैको सहयोगी संस्था 'नेपाली भाषा प्रयोग गर अभियान समिति' सन् १९६८ -मा स्थापित भएको ७ वर्षपछि / 'नेपाली भाषा समिति' (पछिबाट 'अखिल भारतीय नेपाली भाषा समिति') ३१ जनवरी १८७२ -को दिन गठित भएको ३ वर्षपिच / र साथै राष्ट्रिय 'साहित्य अकादेमी, दिल्ली' -ले ३ दिसम्बर १९७४ -को दिन नेपालीलाई एउटा भारतीय साहित्यिक भाषाको रूपमा मान्यता दिएको ५ महीनाजति पछि / मात्रै २६ अप्रेल १९७५ -को दिन सिक्किमको विलय भारतमा भएको थियो। त्यसपछिको सिक्किमका पहिलो मुख्यमन्त्री श्री लेण्डुप दोर्जी खाङशेपकि पालोमा १७ अक्टोबर १९७७ -को दिन नेपाली, भोटे अनि लाप्चे भाषालाई विधिवत् सिक्किम राज्यका 'सरकारी भाषा' घोषित गरी नेपाली भाषाको संवैधानिक मागलाई लिएर केन्द्रीय सरकारलाई पनि आवेदन गरी पठाएको थियो। नभन्दै त्यसपछि छोग्यालकै राजत्वकालमा यहाँको एउटा 'सरकारी भाषा' -कै रूपमा नेपालीको स्थान व्यवहारमै थियो र वास्तवमा नेपाली भाषा ऐ सिक्किमको 'माध्यम भाषा' (language franka) थियो र छँदैछ। यो रबहादुर त नेपाली भाषा-आन्दोलन चरम अवस्थामा पुगेको बेलाको त कुरै छाँडौं, सिक्किम भारतमा विलय भएको पनि प्रायः ३ वर्षपछि मात्रै अक्टोबर १९७६ -मा छोग्यालको घोड़ाको पुच्छर समातेर 'सिक्किम फर्काउँछु' भनी ७ जुलाई १९८१ -को दिन दलबलसहित कंग्रेस (इ) भयो। तर भ्रष्टाचार अनि अधिकार दुरूपयोगको अभियोगमा ११ मई, १९८४ -को दिन भण्डारीलाई सत्ताच्यूत मात्र होइन तर अखिल भारतीय कंग्रेस पार्टीबाटै निष्कासित गर्दिएपछि आफूलाई गिरफ्तारीबाट बचाउन कलकत्ता उच्च न्यायालयबाट अघिबाटै जमानी (anticipatory bail) लिएर हात्तीको चिह्नसाथ जनताको पाउ परी अकास-पताल देखाएर रोई-कराई गरिहिँड्दा नै सिक्किमे आन-जनताले टिठाएर र स्वाभिमानवश केन्द्रीय सत्तारूढ़ पार्टीको नेतृत्वलाई राजनैतिक थप्पड़ दिई उसैलाई फेरि सत्तामा ल्याएका हुन् भन्ने कुरो अघिबाटै भइसकेको छ। २ जुलाई १९७७ -को दिन पश्चिम बंगाल विधानसभाले २८ जू १९७८ -को दिन त्रिपुरा विधानसभाले एपाली भाषालाई संवैधानिक मान्यता दिइयोस् भन्ने प्रस्ताव पारित गरी केन्द्रीय सरकारलाई पठाइएका क्रमशः ५ र ४ वर्षपछि मात्रै यो भण्डारीको नेतृत्वमा सिक्किम विधानसभाले पि २३ सितम्बर, १९८२ -को दिन तीनै कुराको अनुकरण गरेको हो।

**भण्डारी त भर्खरै अण्डाबाट निक्लेको चिङ्ना**

नरबहादुरको 'अ.भा.ने.रा.प.' (अखिल भारतीय नेपाली राष्ट्रिय परिषद्) त नेपाली भाषाको संवैधानिक मान्यता बारेको विधेयक संसदका दुवै सदनमा २० अगस्त १९९२ -को दिन पारित भएको प्रायः २ वर्ष मात्रै अघि १० जून, १९९० -को दिन स्थापित भएको हो। अतएव, नेपाली भाषाको संवैधानिक मान्यताको आन्दोलनको साड़े पैंतीस वर्षको इतिहासमा यो भण्डारी त भर्खरै अण्डाबाट निक्लेको चिङ्ना मात्रै होइन र? जो एकदमै अस्वाभाविक तरीकाले यसरी बेला-नकुबेला  जता पायो त्यतै बासिहिँड्दैछ - 'भाषा मैले ल्याएँ' भनेर, लोदर!

**भण्डारीको चौथो आरोप : मैले सिक्किममा हात-हतियार बटुल्दै छु अरे**

यही भण्डारीले मलाई मन्त्रीमण्डल र त्यसपछि संग्राम परिषद् पार्टीबाट पनि यसरी हटाएपछि अर्को अझ गम्भीर आरोप ममाथि लगाएको छ, त्यो हो - मैले 'गो.रा.मु.मो.' (गोर्खा राष्ट्रिय मुक्ति मोर्चा) -का अध्यक्ष सुवास घिसिङसित मिलेर यहाँ सिक्किममा हात-हतियारहरू (arms and ammunition) भित्र्याउँदैछु अरे! यसको एकमात्र भित्री अभिप्राय र उद्देश्य हो - मलाई 'जातिवादी' र 'साम्प्रदायिक' भन्ने निहूँ पारी मन्त्री परिषद् र त्यसपछि संग्राम पार्टीबाट पनि निकालेर मात्रै उसको स्वेच्छाचारी बाटो निर्विघ्न भएन र यसले मलाई सारा जनता अनि राष्ट्रको दृष्टिमा एक संकीर्ण साम्प्रदायिक व्यक्ति मात्रै होइन तर एक नम्बरी 'असामाजिक तत्व, अराजकतावादी, उग्रवादी र अराष्ट्रीय वा राष्ट्र विरोधी तत्व' -को रूपमा देखापारी सिक्किम ज-मासमा मेरो विरुद्ध उल्टो डरको भावना जगाएर सर्वत्र मेरो बद्आम गराई मलाई सधैंभरिका लागि हटाएर ढुक्कैसित आफ्नो एकतन्त्रीय, निरंकुश र भ्रष्ट शास यहाँ अझै मजबूत पार्दै लैजाए हो।

**'प्रजातन्त्र' -को पुनर्वहालीका लागि संवैधानिक र शान्तिपूर्ण तरीका चाहन्छु**

यस सन्दर्भमा; म 'प्रजातान्त्रिक' हुँ, किभने 'प्रजातन्त्र' या 'जनतन्त्रट अथवा 'लोकतन्त्र' (democracy) माथि सम्पूर्ण रूपले मेरो विश्वास छ भ्ने कुरो यहाँ म फेरि पि दोहोऱ्याउँछु। यसैले सिक्किमे जनताको प्रजातान्त्रिक अधिकार जो भण्डारीले यसरी हड्प गरिराखेको छ, तिनलाई प्रजातान्त्रिक, संवैधानिक र जतिसक्दो शान्तिपूर्ण तरीकाले म त्यसको मुट्ठीबाट खोसेर जनतालाई नै सुम्पिन चाहन्छु! त्यसैको लागि अनुकूल वातावरण तयार पार्ने काम शुरू भइसकेको छ र तपाईंहरू पनि अहिलेदेखि नै जसको निम्ति तयार रहनुपरेको छ। हातहतियार उठाउने कुरो त प्रजातन्त्रको निम्ति मरिमेट्नेहरूले केही सीप लाग्दा मात्रै प्रयोग नगरी नहुने अन्तिम उपाय र वाध्यता हो। हामी शोषित, दलित र पीड़ित सिक्किमे जनताको शत्रु यो नरबहादुरलाई सत्ताच्यूत गर्दिनु हातहतियारको कुनै आवश्यकतै छैन - त्यो त 'मुसो मार्ने सीप पड्काउनु' मात्रै हुँदैन र?

**हातहतियार त भण्डारीसितै जति छन्!**

हातहतियारकै कुरा गर्ने हो भने त भण्डारी आफैसित जति छन्। सारा 'सशस्त्र पुलिसहरू' मात्रै नभई उसको आफ्नै अस्त्र-शस्त्रसज्जित 'कमाण्डो फोर्स' छँदैछ, जसबारे उ आफैले भेको छ - ''मेरो कमाण्डो फोर्स भगवान् हो, म जहाँ जान्छु तिनीहरू मसँगै हुन्छन्!'' त्यसैले आड़ लिएर जन-सभाहरूमा उ खुल्लेआम सर्वसाधारण जनतालाई धम्की दिएर हिँड़िरहेको छ - ''जसले मलाई र मेरो सरकारको विरोध गर्छ त्यसले स्वास्नीसँग सधैंका लागि विदा माग्नु!'' अनि फेरि ''जो, म र मेरो पार्टी विरुद्ध कुरा गर्छ त्यसलाई च्यात्चुत् पारेर टिस्टामा फ्याँक्छु, त्यसको सिनुमा गिद्ध घुमाउँछु!'' आदि-इत्यादि।

**जन-पक्ष र अन्याय-अत्याचार विरुद्ध लड्ने हिम्मत र आत्म विश्वास नै मेरा हतियार हुन्**

तर मसँग भने हतियारको नाममा छ त केवल जनताको हक र हितको पक्ष अनि अन्याय र अत्याचारको विरुद्ध लड्ने हिम्मत साथै आत्मविश्वास! के यीभन्दा पनि ठूलो कुनै हतियार मान्छेको छ? यसैले यो आफै-आफू छर्लङ्ग छ - ''पवन चामलिङले सुवास घिसिङसँग मिलेर हातहतियारहरू यही (सिक्किममा) ओसार्दैछ, त्यसलाई गाउँ-घरमा पस्न नदिनू, सुलाइदिनू, म छु!'' भन्दै भाषण गरिहिँड़ेको त भण्डारी आफै आफ्ना कालो कर्तूत्हरूदेखि तर्सेर सिक्किमे जनता साथै भारत सरकारलाई 'हाउँगुजी आयो' भन्दै यसले आफ्ना निहित स्वार्थ पूरा गर्न खोजेको मात्रै हो।

**'कमाण्डो फोर्स' -ले भण्डारीलाई कति दिन पो टिकाउला!**

तर, यस प्रसंगमा म के भन्न चाहन्छु भने त्यत्रो सशस्त्र सेना आफूसित तैनाथ रहेर पनि हाम्रै यस पुस्ताको - उगाण्डाको इदी-अमीन, रोमानियाका चाउसेस्कू, पाकिस्तानको जिया-उल-हक, बंगालदेशको महम्मद इर्शाद अस्ताको त गति के भयो? खोई तिनीहरूलाई तिनीहरूको सशस्त्र सेनाले बचाउन सकेको? भने यो भण्डारीका यी मुट्ठीबर 'कमाण्डो फोर्स' भनाउँदाले यसलाई के बचाउला! कति दिन पो यसलाई सत्तामा टिकाएर राख्ला!

**ममाथि उल्टो भ्रष्टाचारको आरोप?**

भण्डारी भन्छ - ''पवन चामलिङले उद्योग विभागको पैसाले बिल्डिङ बनायो।'' तर म भन्छु - मैले भण्डारीले जस्तो आफ्नो र अरूको नाममा करोड़ौं करोड़का जनताको धनले ६/१० वटा महल बनाएको छैन। कर्जा लिएर मैले आफू बस्ने घर बनाएको छु। यो भण्डारीले आफूजस्तै अरूलाई पनि देख्छु चोरले सबैलाई चोर देखेजस्तो मात्रै हो।

**सिक्किममा मानव अधिकार, स्वतन्त्रता र प्रजातन्त्र छँदैछैन!**

वास्तवमा छिचोलेरै भन्नु हो भने यहाँ हाम्रो सिक्किमा, यो भण्डारीको तानाशाही राजमा 'स्वतन्त्र' भन्ने मूलभूत कुरो नै छैन - वाक्-स्वतन्त्रता, प्रेस-स्वतन्त्रता, धार्मिक स्वतन्त्रता केही छैन। उसरी नै विद्यार्थीहरूको भविष्यको कुनै सुनिश्चितता छैन, कर्मचारीवर्गको कल्याणप्रति कुनै वास्ता छैन खेती-किसान गर्ने कृषकहरू र खटिखाने जनताको

हक-हितबारे पक्का-पक्की केही छैन; यसैले यहाँ 'मानव-अधिकार' (human rights) नै छैन भन्दा पनि हुन्छ। अनि त जीउ-धनकै सुरक्षा नभएपछि यहाँ कानून-व्यवस्थासमेत छैन; छ त केवल नातावाद, कृपावाद र भ्रष्टाचारै-भ्रष्टाचार, जो तपाईंहरू आफैले भोगिरहनु भएकै छ क्हेर्नुसो - परिशिष्ट ५]। अतएव, 'प्रजातन्त्र कुन चरीको नाम' हो भनेर सोध्नुपर्ने स्थिति आज सिक्किममा आएको छ। यसैकारण गत ६ सितम्बरको दिन विधानसभाको शारदीय बैठकमा अध्यक्षज्यूले मलाई बोल्ने अनुमति नदिएपछि मोमबत्ती बालेर मुख्यमन्त्रीको गोजीभित्र त कतै 'प्रजातन्त्र' छैन? भन्ने मैले सोध्नुपरेको थियो, र 'प्रजातन्त्र' सिक्किममा कहाँ छ? भनी सोद्धै मलाई सदन बहिष्कार गर्नपरेको थियो। क्हेर्नोस् परिशिष्ट ६]

**भण्डारी जन-सुरक्षा होइन खाली सत्ता-सुरक्षाको पछि छ**

यस प्रकार मुख्यमन्त्री नरबहादुरलाई मैले उसका जनतामारा दुर्नीति र कुनियतको विरोध गरेको थिएँ- यथार्थ पनि कि उसका नीति-नियत, सिक्किम संग्राम परिषद् पार्टीको संविधान र परिषद् सरकारको कार्यक्रममा कुनै तालमेल मात्रै होइन आम-जनताको हक र हितका लागि भनेजसो कुनै ठोस् परियोजना नै भएन, र कतिसम्म भने सर्वसाधारण दीन-दुःखी जनताको उद्धार गरिइने कुनै सोचाइधरि भएन, छैन। सरकार भन्ने कुरो त 'जनताबाट, जनताको र जनताका लागि' पो हुनुपर्छ। यसले (त्यो सरकारले) राज्यमा 'स्थायीत्व' र 'प्रगति' दुवै ल्याउनुपर्छ। अनि 'स्थायीत्व' एकता तथा सामुदायिक कार्यहरूद्वारा हासिल गर्न सकिन्छ भने 'प्रगति' चाहिँ स्वतन्त्ररूपले एकेकजनाको उन्नतिबाट हुनेहुन्छ। यसैले सरकार सञ्चालित हुनुपर्दछ ती जन-प्रतिनिधिहरूद्वारा जो निःस्वार्थ, निरहङ्कारी, नैतिक रूपले इमान्दार र सुयोग्य हुन्छन्। सत्ताको अपरिमेय कोष वा अजस्र स्रोत जनता-जनार्दनप्रति उनीहरू सम्पूर्म रूपले आत्मनिष्ठतासहित समर्पित हुनैपर्छ। तर, सिक्किममा सबैथोक उल्टापाल्टा भइरहेका छन् र यसैलाई यहाँ राजनीति भनिँदै आएको छ। वास्तवमा राजनीति जनपक्ष, जन-सुरक्षा र जदन-कल्याणका निम्ति हुनुपर्नेमा यो भण्डारीको राजनीति चाहिँ यहाँ सिक्किममा जसरी-तसरी आफ्नो सत्ता-सुरक्षा र भाइ-भतिज, भारादारहरूसहित आफ्नै मात्र कल्याणका लागि सञ्चालित छ। कतिसम्म भने जसका लागि उसले सिक्किम संग्राम परिषद्को संविधानलाई त के भारतीय संविधानलाई नै थाङ्ना तुल्याइदिएको छ।

**भण्डारीको 'संकीर्ण जातिवाद' -को शिकार भएको छु म**

यी सब देख्दा-देख्दै म केवल मूक-दर्शक भएर त्यसै बसिरहन सकिनँ- सम्झाउने-बुझाउने हरतरहले उसलाई मैले कोशिश गरें, तर उसले त मलाई 'कबाफमा हड्डी' नै सम्झ्यो, व्यक्तिगत रूपले कट्टर दुश्मन ठान्यो; र मलाई उल्टो 'जातिवादी र साम्प्रदायिक' भी फत्तूर धरेर मन्त्रीमण्डलबाट र त्यसपछि परिषद् पार्टीबाट पनि हटायो भन्नाको साथै ममाथि यस्तो हुँदै नभएको आरोप लगाएको भन्दा पनि 'प्रजातन्त्र' -को घाँटी यसले यसरी निमोठेकोमा म अत्यन्त दुःखित भएको कुरो म यहाँ तपाईंहरूलाई फेरि पनि दोहोऱ्याउन चाहन्छु। म, मेरा प्रिय दाज्यू-भाइ, दिदी-बहिनीहरूलाईसमक्ष छात्तीमा हात राखेर भन्दछु - म त्यस्तो 'संकीर्ण जातिवाद र साम्प्रदायिक' होइन, छैन; साथै 'उग्रवादी र राष्ट्र विरोधी' पनि, जस्तो यो भण्डारीले ममाथि फत्तूर धरेको छ, तर जसको विपरीत भण्डारीको 'संकीर्म वा विकृत जातिवाद र साम्प्रदायिकता' -को पो शिकार म यसरी भएको छु! किनभने जातिवादी म होइन भण्डारी हो भन्ने उसका क्रियाकलापहरूले प्रमाणित गरिसकेका छन्।

**… सम्पूर्ण जिम्मेवारी यही नरबहादुरको थाल्पोमा जानेछ**

तर मलाई यसरी पानी-खेदो गर्दै मेरो विरुद्ध जुन किसिमको धुवाँदार प्रचार-प्रसार आज यो भण्डारीले सारा सरकारी माध्यम लाएर गरिरहेको छ; हरेक क्षेत्रमा पछाडिएका मेरा समक्त सिक्किमे दाजु-भाइ, दिदी-बहिनीहरूलाई आफ्नो सत्तास्वार्थको खाड़लमा जाकेर, जातीयता, धर्म र संस्कृतिको विभिन्नताका कुरा उठाएर, नानावली फत्तूर धरेर जुन किसिमले यो ममाथि आइलागेको छ, त्यसैको फलस्वरूप शान्तिले सदा-सर्वदा बास गरेको हाम्रो यो सिक्किममा दि-दिनै आज अशान्ति फैलिँदै गइरहेछ। वास्तवमा यही अशान्ति फैलाएर नै भण्डारी सिक्किमे जतामाथि सामूहिक नेतृत्व (collective leadership) दिनु होइन, तर एकलौटी राज गर्न चाहन्छ। त्यसैले उसको यही

'संकीर्ण वा विकृत जातिवादी र साम्प्रदायिक' कुभावनाले जन्माएको कोखे नीति यसरी नै चलिरहेको खण्डमा हाम्रो यो सिक्किममा पनि साम्प्रदायिक तनाउ मात्रै नभई भयानक दंगाफसाद नै थलिनु के बेर? त्यतिखेर यो नरबहादुरले आफ्नो थाल्पोबाट यसको सारा जिम्मेवारी कसैगरी पन्साउन सक्ने छैन!

**अब हामीले के गर्नुपर्ने?**

अन्तिममा म तपाईंहरू सबैसँग यही भन्न चाहन्छु - साँचो नेताको कर्तव्य त सर्वसाधारण जनतालाई यसरी अर्थात् जसरी तसरी भण्डारीले जस्तो भ्रममा पारी छल्नु, ठग्नु र आफ्नो मात्रै दुनो सोझ्याउनु पटक्कै होइन, तर जनता-जनार्दनको हरतरहले सुरक्षा गर्दै उनीहरूलाई जीवको हरेक क्षेत्रमा विकसित एवं उन्नत तुल्याउँदै गाउँ-बस्तीदेखि क्रमैसँग जिल्ला, राज्य, राष्ट्र र अन्ताराष्ट्रीय स्तरसम्मै पुर्‍याउने प्रयत्न गर्नु हो। तर, यो प्रष्ट भम्डारीको जनता-विरोधी दुर्नीति तथा कुनियत कतिसम्म बढ़ेर गएको छ र यो कत्तिको अनैतिक, स्वार्ती र अहङ्कारी भएको छ भने एकातिर यसले हाम्रो पवित्र 'संविधान' -लाई नै लात मारिदिएको छ भने अर्कोतिर सिक्किमे जनतालाई कहिल्यै नउक्सिने गरी आफ्नै मात्र निहित स्वार्थ र महत्वाकांक्षाको दलदलमा जाक्दै लागिरहेको छ, यसैले मेरा प्यारा सिक्किमे दाजु-भाइ, दिदी-बहिनीहरू हो, तपाईंहरू सबैलाई मेरो विनम्रतापूर्वक सानुरोध आह्वान छ - उठ्नोस्! जाग्नुहोस्! र संविधानले दिएको आफ्ना प्रजातान्त्रिक मौलिक अधिकारहरू हासिल गरेरै छाड्नुहोस्!!

अहिलेलाई यतिमै म तपाईंहरूसित विदा लिने अनुमति चाहन्छु, धन्यवाद

*जय सिक्किम! जय सिक्किमे जनता!*

<u>परिशिष्ट १</u>

<u>PRESS RELEASE</u>

The Chief Minister Mr. N.B. Bhandari's move to have me arrested and put me in jail under the National Security Act (NSA) reflects his own desperateness and political insecurity. Ever since I was dropped from his Cabinet in June this year and expelled from the ruling party the people of Sikkim have shown tremendous support and sympathy for me and the stand I have taken for freedom, democracy and the dignity of the people of Sikki, within the constitution of India. In the past several months I have been constantly travelling all over the State and meeting people from all walks of life to find out about how they felt about the present Bhandari regime and what their hopes and aspirations were. There can be no doubt that the people are now totally fed up of the undemocratic and anti-people rule of the SSP under Mr. Bhandari.

All along I have been led to believe that people in Sikkim are longing for freedom and democracy and real economic development in the State. I believe that people living in this border State want genuine economic development, genuine communal harmony and genuine peace. I am forever conscious of the fact that as I move forward for the ptorection of the rights and interests of the genuine local Sikkimese and other in Sikkim, it is my duty as an elected representative of the people to respect the country's interest in this State and to work for national unity and national integration.

Mr. Bhandari has always resorted to anti-national and anti-democratic means to stay in power. It may be recalled that last year around this time he ordered the arrest of several opposition leaders and placed them behind the bars and some of them were severely tortured by the police. Among them was a journalist from Siliguri who had to be hospitalised because of the police brutality. It was only at the intervention of the Supreme Court that his life was saved.

Earlier, during Mr. Bhandari's rule two leaders of the Naya Sikkim party (NSP) Capitan Sonam Yongda and Mr. Kiran Chhetri were arrested and put in jail under the NSA. Ironically, Capitain Yongda whose main work has been the establishement of the school for the destitude in West Sikkim went on to receive a national ward for his work. The national award was awareded by no less a person then the president of India. Did this seem that he was an antinational claimed by Mr. Bhandari? Mr. Kiran Chhetri who later forms the Sikkim Krantikari Morcha was taken into the Congress (I) although he soon switched on to the ruling SSP. He is now a Chairman in one of the undertakings of the State Government. These development prove that Mr. Bhandari caused the arrest of these leaders on flimsy grounds and for his own political interest.

Mr. Bhandari thinks that by putting me in jail he will be able to silence the voice of revolt among the people who are crying for democracy and dignity. It is known to eveyone that my life is under constant threat and that mr. Bhandari's attempts to put pressure on me and the latest move to use the NSA against me has no justification and only reflects his own desperateness. By resorting to such terror tactice he is only causing more tension and disturbing the peace in the region.

I once again urge the Chief Minister to govern the State in a democratic and dignified manner. Mr. Bhandari should put a final end to resorting to force and repression means to staty in power.

Sd/-
Pawan Kumar chamling
MLA
Damthang Constituency
South Sikkim
Gangtok,
Novermber 6, 1992

## परिशिष्ट २

**श्री पवन चामलिङलाई मन्त्रीमण्डल र संग्राम परिषद् पार्टीबाट हटाइएबापत बसेको आकस्मिक सभामा पारित प्रस्तावहरू क्तारीख, दामथाङ, १६ जुलाई, १९९२]**

श्री पवनकुमार चामलिङ, जो दक्षिण सिक्किमको दामथाङ चुआउ समष्टिबाट निर्वाचित भई श्री नरबहादुर भण्डारीद्वारा नेतृत्व गरिएको सिक्किम संग्राम परिषद् सरकारको मन्त्रीमण्डलमा हुनुहुन्थ्यो, -लाई आदेश पत्र संख्या एस.के.एम. / जी.ओ.भी. / २२६ /९२, तारीख १६ जून, ९२ अनुसार सो मनद्धई पदबाट त्यसको केही पछि सत्तारूढ़ सिक्किम संग्राम परिषद् पार्टीबाट पनि हटाइए बापत् यो आकस्मिक सभा श्री पी.आर. शेर्पाको सभापतित्वमा आज नाम्चीमा बस्यो। उक्त सभाले, जसमा दामथाङ चुनाउ क्षेत्रभित्रका विभिन्न सबै ब्लकहरूबाट श्री पवनकुमार चामलिङका उत्तेजित समर्थकहरू भेला भए, यस भेगका प्रतिनिधि श्री चामलिङलाई हाम्रो पूर्ण समर्थक फेरि जताउनका साथै भण्डारीको यो कार्यलाई स्वेच्छाचारी अन्यायपूर्ण र सरासर अप्रजातान्त्रिक हो भनी यसको विरुद्ध सर्वसम्मतिले लिएको हाम्रो अड़ानलाई प्रदर्शित गराउनका लागि निम्नलिखित प्रस्तावहरू यस प्रकार पारित गर्दछ।

*प्रस्ताव १*

यो सभाले दक्षिण सिक्किमको दामथाङ चुनाउ समष्टिबाट निर्वाचित भई श्री नरबहादुर भण्डारीद्वारा नेतृत्व गरिएको सिक्किम संग्राम परिषद् सरकारको मन्त्रीमण्डलमा रहनुभएका श्री पवनकुमार चामलिङको आकस्मिक निष्कासलाई निम्नलिखित आधारहरूमा घोर विरोध गर्ने संकल्प गर्दछः

(क) हाम्रा प्रतिनिधि श्री पवनकुमार चामलिङ विरुद्ध मुख्यमन्त्री एन.बी. भण्डारीले गरेको कार्वाई अनर्थपूर्ण, एकदमै स्वेच्छाचारी र यसैले एकतन्त्रीय याने सरासर अप्रजातान्त्रिक छ, भण्डारीको जुन कार्यशैली हालका वर्षहरूमा अझ-अझ छर्लङ्गिँदै आइरहेको छ।

(ख) प्रतिनिधि श्री चामलिङ यो दामथाङ चुनाउ क्षेत्रका जनताको आशा अनि आकांक्षाको एकमात्र प्रतीक हुन्, सिक्किम विधानसभाको मन्त्रीमण्डलमा उहाँको उपस्थितिले भण्डारीको नेतृत्व र सिक्किम संग्राम परिषद् सरकारप्रति यस चुनाउ समष्टिका सारा जनताको समर्थनसम्मत् प्रतिनिधित्व भएको थियो। यस भेगका निर्वाचित जन प्रतिनिधि श्री चामलिङलाई जे भए पनि कुनै ठोस् कारणै नदेखाई उहाँले नेता मानेको भण्डारीले जुन किसिमले अनाहकमा निष्कासित गऱ्यो, त्यसले सहभागितामा आधारित प्रजातन्त्रका प्रतिमान अनि सिद्धान्तहरूलाई नै बलजफ्ती मिचेको छ। यो जस्तो स्वेच्छाचारी क्रियाकलापले यस क्षेत्रका जनताका इच्छा, आकांक्षा र भरोसालाई नै गहिरो गरी धक्का लागेको छ, जो भण्डारीको अबोपरान्त नचल्ने जादूगरी साथै प्रश्नसूचक नेतृत्वको दुःखदायी प्रतिविम्ब हो।

*प्रस्ताव २*

यो सभाले भण्डारीको स्वेच्छाचारी कार्यको घोर विरोध गर्दछ जो उसको मनमा गहिरो गरी गाड८इएको कुभावना र शंकै-शंकाले ग्रस्त मानसिकताको फलस्वरूप कार्यान्वित भएको हो ती जाति-समूह जो अक्सर दलित, पीड़ित र शोषित 'पछौटे वर्ग' (ओबीसी) -हरू हुन्, र ती एकताबद्ध भइदिएको खण्डमा सिक्किमे प्रमुख जातिहरूमध्ये सबभन्दा बढ़ी संख्यामा छन्। सिक्किमे यी 'पछौटे वर्ग' -लाई शासन गर्ने अन्ध महत्वाकांक्षाले भण्डारी यो विशेष 'ओबीसी' घटकसित जहिले पनि सतर्क छ, जसले (पछौटे वर्ग अर्थात् 'ओबीसी') -ले भारतीय राजनीतिको सांगठनिक ७एत्रमा जनता दलका प्रधानमन्त्रीको रूपमा श्री विश्वनाथ प्रताप सिंहको उथलपुथलपूर्ण कार्यावधिभित्र विचारणीय प्रासांगिता प्राप्त गरेको स्पष्ट छ। ओबीसी -को भूत सिक्किमको राजनैतिक आकाशमा धमिलो तर विशालकाय देखिँदोछ, र जसले भण्डारीलाई ऐठन पारेको बुझिन्छ, प्रत्येक समय जब उसको शासावधि समाप्त हुनलाग्छ आउँदो चुनाउका लागि उ त्यसैलाई आफ्नो कट्टर शत्रु ठान्दछ। तसर्थ, यो सभाले पूर्ण दृढ़ताका साथ के घोषणा गर्दछ भने हाम्रा प्रतिइधि श्री चामलिङको निष्कासन भण्डारीको ओबीसी प्रतिको त्रास अनि घृणाको

भावनाबाट देखिएको आफ्नो प्रतिच्छायाँ र जन्मिएको यस्तो कुविचार हो जसको शिकार श्री पवनकुमार चामलिङ आज हुनुभएको छ।

*प्रस्ताव ३*

(क) यो सभाले संकल्प गर्दछ ती तथ्यहरू जान्ने (सत्य खुट्याउने दृढ़ता व्यक्त गर्दछ) जो आञ्चलिक पार्टी, भण्डारीद्वारा नेतृत्व गरिएको सिक्किम संग्राम परिषद्, स्थापित भएको बेला, जतिखेर अखिल भारतीय कंग्रेस कमिटीबाटा १९८४ -मा 'भ्रष्टाचार अनि अधिकार दुरूपयोग' को अभियोगमा उसलाई निकालिएको थियो, जसले प्रकाशमा ल्यायो सीबीआई जाँच बुझको श्रृंखला फलस्वरूप भम्डारीले वाध्य भएर आपूलाई गिरफ्तारीबाट बचाउन अघिबाटै जमानी (एण्टिसिपेटरी बेल) लिनुपऱ्यो, यतिखेर उ गिरफ्तार हुनै लागेकोथ्यो। जब दिल्लीमा सिक्किम संग्राम परिषद् पार्टी गठित भयो त्यो सरासर अखिल भारतीय कंग्रेस कमिटीको नेतृत्वलाई तप्पड़ थियो, र जो नै भण्डारीको पक्षमा ठूलो साहस साथै राजनैतिक तिक्ड़बाजीको मापदण्ड बन्यो। त्यो चाल चलेर भम्डारी आफूलाई बचाउन सक्षम भयो, किनभने त्यतिखेर उसले बहुसंख्य ओबीसीहरूको सम्पूर्ण रूपले सुदृढ़ समर्थनका साथै सिक्किमका अल्पसंख्यक भोटे-लाप्चेहरूको र निःसन्देह छेत्री-बाहुनहरू जो सिक्किमे नेपाली जाति-समूहको एउटा नगण्य भागको रूपमा संगठित छ, लगायतको मतदान उसले पाउसक्यो। यो सभाले तसर्थ, के निर्क्योल गर्दछ भने भण्डारीको शक्तिको उदय अइ विशिष्टता विशुद्ध त्यो समर्थनको कारणले हो जो उसले एक पटक सिक्किमे नेपाली जाति-समूहहरूमा ओबीसीहरूबाट उपभोग गरेको थियो।

(ख) यो सभाले भण्डारीलाई घोर विरोध गरए संकल्प लिँदछ ती विश्वस्त ओबीसीहरूलाई बर्बाद तुल्याए बापत् जसले उसलाई आफ्नो हार्दिक समर्थन दिएका थिए, तर उसले त उल्टो छेत्री-बाहुनहरूको पक्षपातमा आफ्नो राजनैतिक जीवनको उच्चतम् ओहोदापूर्ण व्यक्तिलाई नै घात गरिदियो। मुख्यमन्त्रीको रूपमा भण्डारीले चालु अवधिमा साम्प्रदायिक (संकीर्ण जातिवादी) खेल खेल्ने, जे परिजाउला, राजनैतिक नियुक्तिहरूमा आफूलाई एकतर्फी फाइदा हुने गरी अथवा राजधानी गान्तोकमा पाइक पर्ने राम्रा-राम्रा ठाउँहरूको अधिग्रहणमा भौतिक लाभहरूका रूपमा उपहार र कृपा प्रदान गर्नबाहेक अरू केही गरेको छैन।

> द्रष्टव्यः यो पर्तग्यै छ कि नरबहादुर भण्डारीले एउटा साम्प्रदायिक बाटोमा हिँड्ने निश्चय गरेको छ जसले उसलाई उसका आफ्नै जात-भाइ छेत्री-बाहुनहरू, जो विशिष्ट शासक श्रेणी हो र जुन तागाधारीहरू शासन गर्नलाई नै जन्मेका हुन्, को सामूहिक उत्थान हरतरहले गर्न-गराउनलाई मन-माफिकको छूट दिँदछ। बाँकी अरू नेपाली जातिसमुदाय - गुरुङ, राई, लिम्बू (चोङ) -हरू; मगर, तामङ, सुनुवार, भुजेल अनि जोगीहरू जसको संगठित रूप नै आज सिक्किममा बहुसंख्यक 'ओबीसी' -हरू चाहिँ यी नै बाहुन-छेत्रीहरूलाई आजीवन सेवा गर्न जन्मेका हुन् भन्ने कुरो भण्डारीको अति जातिवादी र साम्प्रदायिक नीतिको तोकले स्पष्ट पार्छ। भण्डारीको उसको आफ्नै जाति-समूहप्रतिको कमजोरीले उसका विचार अनि कार्य यत्ति साह्रो प्रभावित छन् जो सिक्किम राज्यभित्र एकदमै घातक साम्प्रदायिक कानून बन्नजानेछ, र जसले ठूलो विभाजन ल्याइदिएको छ - बाहुन अनि छेत्रीहरूद्वारा संगठित 'आर्यहरू' तथा 'अनार्यहरू' अर्थात् 'मंगोलहरू' बीच, जो राष्ट्रिय हितको लागि नै गम्भीर रूपले घातक एवं दुःखदायी छ।

<u>परिशिष्ट ३</u>

**प्रेस विज्ञप्ति**

**'ओ.बी.सी.' झट्टै लागू गरिनुपर्छ!**

ता. १६.११.९२ -को दिन उच्चतम् अदालतका मुख्य न्यायाधीश श्री एम.एच. कानियाको अध्यक्षतामा बसेको ६ जनाको खण्ड पीठले ओ.बी.सी. अथवा पछौटेवर्गलाई मान्यता दिएको छ। साथै उच्चतम् अदालतले चार महीनाभित्रमा ओ.बी.सी. (पछौटेवर्ग) लागू गर्नको लागि झट्टै आयोग गर्नुपर्छ भन्ने आदेश पनि जारी गरेको छ।

उच्चतम् अदालतको फैसलालाई आदर गरेर सिक्किम सरकारले ओ.बी.सी. झट्टै लागू गर्नुपर्छ। ओ.बी.सी. -को मान्यताले सिक्किमका पछौटेवर्गमा पर्ने राई, लिम्बू, गुरुङ, मगर, तामङ, सुनार, भुजेल र जोगीले पनि अरू विकसित जातिहरू झैं आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रमा (जस्तै नोकरी-चाकरी उच्च ओहदाका पदहरूमा आई.एस.ए., आई.पी.एस., आई.एफ.एस. समान अवसर र सुरक्षा पाउने छन् साथै राज्यको विकास र देश निर्माणमा सहभागी बन्नेछन्।

ओ.बी.सी. -ले सुप्रीम कोर्टदेखि मान्यता पाउनु हजारौं वर्षदेखि आर्थिक, सामाजिक, राजनैतिक, मानसिक र शैक्षिक रूपमा पछाड़िएका थिचिएका र अवहेलित भएका पछौटे वर्गको महान् विजय र मुक्तिको घोषणा हो। यस फैसलाको स्वागत देशभरि भइरहेको छ र म पनि हार्दिक स्वागत जनाउँदछु।

पछौटे वर्गको साथ-साथै आर्थिक क्षेत्रमा पछाड़िएका वर्गको पनि सुरक्षा हुनुपर्छ ताकि राज्य र देश-निर्माणमा काँधमा काँध मिलाएर सबै अघि बढ्न सकौं।

सही-

पवनकुमार चामलिङ

विधायक, दामथाङ चुनाउ समष्टि, दक्षिण सिक्किम

१७ नोभेम्बर, १९९२

# परिशिष्ट ४

'सीट आरक्षण'

संघ सीट : सिक्किमका छोग्यालको १९५८ -को घोषणा पत्र अनुसार लामाहरूको लागि एउटा सीट आरक्षित भयो। सिक्किम राजदरबारबाट १७ मार्च १९५८ -को दिन प्रसारित अघिल्लो दिनको टिप्पणीमा भनिएको छ - ''धेरै पहिलेदेखि के अनुभव गरिइएको छ भने सिक्किमको ऐतिहासिक प्राचीन-कालदेखि यहाँको जातीय जीवनमा गुम्बाहरू तथा संघको एकदमै प्रमुख स्थान रहिआएको छ, अनि जसले विगतका काउन्सिलहरूमा निर्णयहरू लिइँदा मुख्य भूमिका लिँदैआएका छन् र सिक्किम काउन्सिलमा संघको लागि एउटा सीट निश्चित रूपले आरक्षित हुनुपर्छ।''

चोङ (लिम्बू) र अनुसूचित जातिको सीट : सन् १९६६ -मा छोग्याल पाल्देन थोन्डुप नामग्यालको घोषणा अनुसार दुइवटा आरक्षित सीट सिक्किम काउन्सिलमा ल्याइए - चोङ (लिम्बू) अनि अनुसूचित जातिका लागि। यो परिवर्तनलाई सिक्किम स्टेट कंग्रेस अनि नेशनल कंग्रेसले यसले साम्प्रदायिकता र जातिवादलाई उकासेर सिक्किमे जनताको एकतामा अनेकता ल्याउने छ भन्ने आधारमा स्वागत जनाएनन्; तर जे होस्, नेशनल पार्टीले यसलाई समर्थन गऱ्यो।

चोङ (लिम्बू) सीटः भनिएको छ - चोङहरू तिब्बतको चाङ्गपो उपत्यकाबाट आएर सिक्किमको पश्चिम लिम्बूवानमा बसेका हुन्, जो अहिले नेपालीभित्र पर्दछ। कालातीतदेखि चोङहरूले सिक्किमको इतिहास निर्माणमा अत्यन्त महत्वपूर्ण भूमिका पूरा गरेका छन्। धेरै अभिलेखहरूबाट यो तथ्य प्रमाणित हुन्छ। छोग्यालको स्थापना थियो - चोङहरू नेपाली होइनन्, यद्यपि यिनीहरू नेपालीहरूसित सराबरी भइसकेका छन्। यिनीहरूको छुट्टै आफ्नोपन छ, यसैले एउटा अलग सीट यिनीहरूको लागि आरक्षित गरिइन्छ। क्हेर्नोस् अघिल्लो टिप्पणी २]

अनुसूचित जाति सीट : यसमा पर्दछन् कामी, दमाई, सार्की आदि। पाम्परिक हिसाबले यो जाति-समुदाय समाजको जात-भातको कठोर पद्धतिले सामाजिक, आर्थिक अनि शैक्षिक रूपले पछौटे हुनगए। सिक्किम काउन्सिलमा अनुसूचित जातिका लागि सीट आरक्षणको प्रावधानले यो जाति-समूहका लागि सबै क्षेत्रमा अघि बढ्न यिनीहरूलाई बढ्ता अवसर प्रदान गरिइनु हो।

सामान्य सीट : सिक्किम काउन्सिलमा 'सामान्य सीट' (general seat) १९५८ -को छोग्यालको अर्को घोषणा अनुसार लागू भएको थियो। यसको तात्पर्य के भने काउन्सिलमा जसको अझसम्म पनि प्रतिनिदित्व भएको दिएन तर जो भोटे, लाप्चे र नेपाली बाहेकका सिक्किमे स्थायी रैथानेहरू थिए, तिनीहरूलाई प्रतिनिधित्व गराइनु। यसैले एउटा अतिरिक्त 'सामान्य सीट' -को काउन्सिलमा प्रावधान गराइयो।

## परिशिष्ट ५ (क)

**न्यायमाथि आक्रमण**

हेमलाल भण्डारी : वकील जसले बम्बई उच्च न्यायालयमा वकालती शुरू गर्नुभयो अनि जो अहिले 'प्रजातन्त्रका लागि नागरिकहरू' -का संयोजक हुनुहुन्छ। उहाँलाई गत २४ अक्टोबर १९९१ -को राती ११.३० बजी आफ्नो घरैबाट गिरफ्तार गरियो। करीब ५० जना पुसिल अधिकृतहरू बिना पक्राउ पूर्जी (वारण्ट) सो गिरफ्तारीमा सामेल थिए भन्ने कुरो प्राप्त सूचनाले बताउँदछ। उहाँलाई आफ्नो पक्राउ वा बन्दी बनाइएका आधारहरू के हुन् भन्ने कुरो कहिल्यै बताइएन सिवाय भारतीय दण्ड संहिता १८६० -को धारा १२४ 'क' अनुसार राजद्रोहको अभियोग उहाँमाथि लगाइएको छ। त्यो गिरफ्तारीको बेला पुलिसले ५ घण्टासम्म उहाँको घरको तलासी लिए अनि फायलहरू, पुस्तकहरू र प्रायः २०० ठेली कानूनका कितापहरू त्यहाँबाट हटाइए। बन्दी-गृहभित्र बत्ती, भेण्टिलेशन नभएको एउटा अस्वास्थ्यकर सिमेण्टको सानो कोठामा उहाँलाई बन्द गरियो।

त्यसको भोलिपल्ट उहाँलाई हतकड़ी लगाएर अदालतमा मूल-बाटोहरू भएर लगियो र कार्यकारी न्यायाधाशी समक्ष दाखिल गरियो जसले उहाँलाई केही बोल्ने मौकै नदिई पुलिस कैदमा फेरि प्रेषित (रिमाण्ड) गऱ्यो। २५ अक्टोबरदेखि ५ नोभेम्बरसम्म उहाँलाई रातैपिच्छे पुलिस अधिकारीहरूद्वारा यातना दिइयो। त्यो शास्तीको फलस्वरूप उहांको दाहिने कान बहिरो भएको छ, रक्त-शोधन थैली फुटेको र दाहिने हात भाँचिएको थियो। यी बाहेक, रिपोर्ट अनुसार, उहाँलाई कुनै चिकित्सा-सहायता दिइएन, अलिकति खानेकुरा दिइन्थ्यो, र स्वास्थ्य सम्बधी सजिलैसित पाइने उपचार धरि दिइएन।

बन्दीको यो अवधिमा आगन्तुक तथा परिवारका सदस्यले उहाँसित भेट्न मनाही गरिएको थियो, नत वकील भेट्न नै उहाँलाई दिइयो। अझ बढ़ी ५ दिनको आरम्भिक पुनः प्रेषण (रिमाण्ड) -को समाप्तिपछि पनि उहाँलाई कुनै जज वा न्यायाधीशसमक्ष प्रस्तुत गरिएन।

७ नोभेम्बर, १९९१ -को दिन उहाँलाई सिक्किम राज्य कारागारमा सारियो। औ,धी-उपचार सम्बन्धी सुविधाहरूको सुलभता लगातार अस्वीकृत भयो। उहाँ २२ नोभेम्बर १९९१ -सम्म त्यहाँ अकथनीय बनदीमा रहनुभयो, तब पश्चिम बंगालको दार्जीलिङदेखि दुइजना वकीलहरूले अतिरिक्त सेशन्स कोर्टमा जमानीको लागि बर्खास्त पेश गरे। उहाँले प्रत्येक दिन गान्तोक थानामा हाजिरी दिनुपर्ने र अदालतको आदेश बिना सिक्किम राज्यबाहिर जान नपाउने शर्तमा त्यो बर्खास्त स्वीकृत भयो।

अझ बढ़ी, २५ अक्टोबर, १९९१ -को दिन (गिरफ्तारीको भोलिपल्ट), उहाँको घर ध्वस्त पारियो। उहाँका फायलहरू अनि दस्तावेजहरू नष्ट गरिए वा अन्यत्र लगिए साथै पुस्तकालय तवाह गरिदिएको थियो।

उपर्युक्त घटनाहरूको अतिरिक्त, यसभन्दा अघि पनि उहाँ अनेकपटक कष्ट अनि उत्पीड़नको शिकार हुनुभएको छ। (जस्तै -) २६ अक्टोबर, १९८५ -को दिन उहाँलाई सिक्किम सरकारद्वारा पारित गिरफ्तारीको लागि आदेश अनुवर्ती '१९८० -को राष्ट्रिय सुरक्षा ऐन' -को धारा ३ अन्तर्गत ३ जना सिक्किम पुलिस अधिकृतहरूद्वारा गिरफ्तार गरिएको थियो। ३० अक्टोबरको दिन बम्बई उच्च न्यायालयले सत्वन्त सिंह जे. द्वारा बन्दीकरणको आदेशमाथि रोक लगाइए तापनि अदालतको आदेशको चुनौतीमा नयाँ दिल्ली लगियो। १ नोभेम्बरको दिन सर्वोच्च अदालतले भारतीय संविधानका धारा २१ अनि २२ अनुसार व्यक्तिगत स्वतन्त्रताहरू र '१९८० -को राष्ट्रिय सुरक्षा ऐन' -को धारा ८ अन्तर्गत कानुनी संरक्षणहरूका आधारमा उक्त बन्दीकरणको आदेशलाई समाप्त गरिदिएको थियो।

(फेरि) ६ जुन १९९० -को दिन (चाहिँ), रिपोर्ट अनुसार, उहाँलाई आफ्नै घरबाट अपहरण गरिएको थियो। त्यतिखेर उहाँ भाग्न सफल हुनुभयो जतिखेर गाड़ीको टायर पङ्चर हुनगयो र अपहरणकारीहरू नयाँ टायरको खोजीमा लागे। उहाँले सम्बन्धित अधिकारीहरूसँग यस घटना सम्बन्धी उजुरी गरेका थिए तापनि अझसम्म कुनै कार्यवाही गरिएको रिपोर्ट छ।

'जजहरू अनि वकीलहरूमाथिको कष्ट र उत्पीड़न' (जून १९९१-मई१९९२)

[Centre for the Independence of Judges and Lowyers of the International Commission of Jurists.]

## परिशिष्ट ५ (ख)

# सिक्किममा प्रेस स्वतन्त्रता छैन!

सिक्किममा प्रेस स्वतन्त्र छैन। साँच्चै भनौं भे यहाँ भण्डारी सरकारको एकलौटी शासनमा 'प्रजातन्त्र' नै छैन। प्रजातन्त्र त यहाँ कालि हात्तीको देखाउने दाँत बराबर मात्र छ।

केही महीनाअघि यहाँ गान्तोकमा 'सिक्किम प्रेस एसोसिएशन' गठित भएको छ, त्यो पनि देखावटीका लागि मात्रै। जबकि यहाँ जनताको इच्छा, आकांक्षा र उद्देश्यको त कुरै छाड़ौं, साँचो खबर धरि छाप्न नपाउने स्थिति छ।

सिलगढ़ीबाट प्रकाशित हुने हिन्दी दैनिक 'जनपथ समाचार' -का सम्पादक श्री राजेन्द्र बैदलाई, धारावाहिक रूपमा सिक्किम सम्बन्धी कतिपय भ्रष्टाचारको भण्डाफोर गर्दा केही महीनाअघि सिलगढ़ीस्थित उनकै निवासस्थान नजीकैबाट अपहरण गरी गान्तोक ल्याई साफ धुलाई गरी अस्पतालमा राकिएको थियो र सो काण्ड सर्वोच्च न्यायालयमा पुगेको कुरो सर्वत्र जन-जाहेरै छ।

त्यस्तै गान्तोकबाट प्रकाशित हुने 'सिक्किम अब्जर्बर' अंग्रेजी र नेपाली संस्करण साप्ताहिक कुनै पनि प्रेसले गान्तोकमा छपाउन डराएको र सिलगढ़ीमा छपाउन लैजाँदा पनि त्यहाँका कुनै पनि प्रेसले छपाउने आँट नगरेको कुरो त्यसका सम्पादक तथा प्रकाशक श्री जिग्मी एन. काजीका राष्ट्रिय पत्र-पत्रिकाहरूमा समेत प्रकाशित प्रेस-विज्ञप्तिहरूबाट स्पष्ट छँदैछ। ती प्रेस-विज्ञप्तिहरूमा त्यस अघि पनि महात्मा गान्धी मार्गस्थित उनको प्रेस लुटिएको र त्यस सम्बन्धी सूचना पुलिसलाई दिंदा समेत कुनै कार्यवाही नभएको र आत्म सुरक्षाको लागि निवेदन गर्दा पनि सम्बन्धित विबागले कानमा तेल हालेर बसेको कुरो पनि उल्लिखित छ।

त्यस्तै श्री/श्रीमती भण्डारी सम्बधित 'अश्लील पुस्तिका' छापिएको सन्दर्भमा श्री शिवशंकर ढकाललाई केही गुण्डाहरूले नाङ्गोझार पारी पाता कसी मुखमा प्लास्टर टाली त्यही एम.जी. मार्गमा दिउँसै गाड़ीबाट फालिदिएको आडैः सिरिङ्ग गर्ने घटना गान्तोकमा जनताको मनमा अझ पनि आलै छ।

त्यसपछि, एउटा सानो राजनैतिक टिप्पणी तत्कालीन मन्त्रीमण्डलमाथि यस सम्पादकले 'साप्ताहिक सिक्किम' -मा प्रकाशित गर्दा देउरालीस्थित मेरो डेरामै ६-७ जना खटाइएका गुण्डाहरू ता. २६ अक्टोबर १९९१ -को दिन दिउँसो करीब २ बजी अचानक पसी मलाई र मेरा पत्रकार सहयोगी श्री आर.के. प्रदानलाई कुटपीट गरी छुरीले मलाई प्राणघातक प्रहार गरी फिरेको घटनाप्रति न्याय पाउँ भनी सम्बन्धित विभागमा बारम्बार अर्जी गर्दा पनि कुनै सुनवाई धरि भएन।

अहिले पनि भूतपूर्व मन्त्री श्री पवनकुमार चामलिङलाई मन्त्रीमण्डलबाट अनाहकमा निकालिएको विषय लिएर कतिपय सत्य समाचार 'साप्ताहिक सिक्किम' -मा प्रकाशित गरे बापत् तिनै गुण्डाहरू खुल्लेआम मेरो पछि लागिरहेका छन्। म भूमिगत अवस्थामा छु र मेरी श्रीमती तथा १० वर्षकी छोरीको घरमा बास छैन, आफन्तहरूकहाँ आश्रय लिएर कहिले कता, बास बसिरहेका छन्।

यस्तै स्थिति 'दर्पण' साप्ताहिकका सम्पादक एवं प्रकाशक श्री गंगाबहादुर राईको पनि छ, जो स्वयं 'सिक्किम प्रेस एसोसिएशन' -का उपाध्यक्ष हुनुहुन्छ। साप्ताहिक 'अधिवक्ता' -का सम्पादक एवं प्रकाशक श्री बी.बी. सुब्बाको पनि उही हालत छ - उहाँ पनि अहिले भूमिगत अवस्थामै हुनुहुन्छ - दिन-दिनै गुण्डाहरूको पानीखेदो र साथै उहाँमाथि वर्तमान उद्योग मन्त्री श्री पी.एल. गुरुङले नालिस ठोकेको छ मानहानीको। विषय हो - कथित देन्ताम निवासी श्री देवनारायण प्रधानकी श्रीमती नन्दकुमारी प्रधानलाई हातपात गरेको समाचार 'अधिवस्ता' -ले छपाएको विषय लिएर।

यसरी अदालतमा मुद्दा चलाइनु मुनासिब मात्र नभई प्रजातान्त्रिक हो, तर पुलिसको कार्य-क्षेत्रमा पनि हस्तक्षेप गरी यी भाड़ाका गुण्डाहरूमाथि राज्यको न्याय-निसाफ सुम्पिदिनु यो कहाँसम्मको प्रजातान्त्रिक पद्धति हो?

सबभन्दा पहिले यसैले छ सिक्किममा प्रेस स्वतन्त्रताको अति आवश्यकता।

[गान्तोकबाट प्रकाशित हुने 'साप्ताहिक सिक्किम' -को सम्पादकीय]

## परिशिष्ट ६ (क)

# FIRST 'FLAME' OF PROTEST IN SIKKIM HOUSE

Tapas Mukherjee

Gangtok : The one-day Sikkim assembly session on September 9 witnessed a rather weird scene. The lone opposition MLA, Pawan Chamling lit a candle in the glittering House and slow marched upto the seat of the chief minister and Sikkim Sangram Parishad (SSP) president Nar Bahadur Bhandari before staging a walk out. Chamling told SUNDAY MAIL that the wanted to highlight the darkness that had enveloped democratic principles in the Himalayan state.

"I was not allowed to speak during the zero hour" he added.

The one-day session was called to meet the constitutional requirement or the assembly meeting at least once in every six months time. This was for the first time in over a decade since 1979 that the assembly witnessed an opposition protest as the SSP had commanded a total sway till Chamling was dropped from the cabinet and expelled from the party.

Chamling, who claims to be a victim of Bhandari's dictatorial rule, alleges that the Indian Constitution including its democratic principles guaranteeing freedom of speech and expression and human rights has been given an "idecent burial" in Sikkim.

Strongly criticising Bhandari for total mismanagement of the public exchequer, chamling points out that the state which generates a paltry internal revenue of Rs. 45.43 crore disburses Rs. 70 crore as salary to its over staffed departmental employees annually. With a population of around for lakhs, Sikkim has 1,404 gazetted officers, the per capita concentration being the highest in the country.

Chamling feels that the Centre which has called for an economy drive and more disciplined financial management should find out how a Nepalese national who is already involved in an excise duty scam in Sikkim could obtain an intetest free loan of Rs. 2 crore from the state government for starting an Ayurvedic medicine factory ins Sikkim. The Centre's investigations, syas he, into how 169 persons have been given loans amounting to Rs. 45 crore from the State Bank of Sikkim since 1979 may lead to starting disclosures. They have neither repaid their loans nor even met the interest component so far.

According to Chamling, the Sikkim goernment is in the red to the tune of over Rs. 183 crore. It has obtained that amount of loan from arious government and semi-government sources for which it is required to pay interest amounting to over Rs. 18 crore annually. This works out to about Rs. 5,000 of government debt per head or Rs. 40,000 on each of the 50,000 households in the state. Chamling feels that the Centre should do something to stop this unwarranted drainage of national wealth, or ensure its proper utilisation.

***['Sunday Mail', Calcutta, 27 September - 3 October, 1992]***

<u>परिशिष्ट ६ (ख)</u>

## एउटा चुनौतीः
## भण्डारीको सिक्किममा विरोधको विस्फोटन

**कल्याण चौधरी, गान्तोक**

मुख्यमन्त्री नरबहादुर भण्डारीविरुद्ध पूर्व उद्योग मन्त्री श्री पवन चामलिङको शक्ति संचयनसितै ठूलो भाँजो देखापरेको छ।

श्री चामलिङलाई भण्डारीको मन्त्रीमण्डलबाट हटाइएपछि उहाँले भण्डारीको 'एकतन्त्रीय' अनि भ्रष्ट शासनको विरुद्ध तीव्र रूपले प्रचार अभियान शुरू गर्नुभएको छ। मन्त्रीमण्डलबाट श्री चामलिङको निष्कासन नाटकीय थियो। गत सितम्बरको एकदिने विधानसभा सत्रमा सदनमा ममबत्ती बालेर मुख्यमन्त्रीको छेउमा पुगी उहाँले सदन बहिष्कार गर्नुभयो। यसको अभिप्राय हिमाली राज्यमा प्रजातन्त्रलाई ढाक्ने अन्धकारको प्रतीकात्मक रूपले विरोध व्यक्त गर्नु हो।

सिक्किम विधानसभामा 'विरोधी' -को प्रतिवाद यो पहिलोपटक भएको थियो। परिषद् पार्टीले १९८९ -को चुनाउमा सबै सीट जितेपछि पार्टीभित्र विरोधिता देखिएको थिएन।

भण्डारीको मुख्यमन्त्रीत्वको कार्यकाल पश्चिम बंगालका मुख्यम्त्री ज्योति बसुको पछि आउँछ। तर तुलना त्यति नै हो। १९८९ -देखि भण्डारी आफ्ना मत-विरोधीहरूको आवाजलाई प्राथमिक रूपले दबाउन सक्षम रही आएको थियो। श्री चामलिङ भन्नुहुन्छ- ''सिक्किममा भारतीय संविधान अनि अभिव्यक्ति स्वतन्त्रता साथै मानव अधिकारहरूलाई क्रूरतापूर्वक दबाइएका छन्।''

श्री चामलिङ सिक्किमको राजनैतिक परिदृश्यमा नयाँ हुनुहुन्न। कविबाट राजनीतिज्ञ हुनभएको उहाँ पार्टी प्रमुखहरूमध्ये भण्डारीको लगत्तैपछि हुनुहुन्छ। श्री चामलिङले सिक्किमभरि नै, विशेष गरी दक्षिण जहाँ उहाँको आधार मजदूत छ, सभाहरूको आयोजना गर्दै आउनुभएको छ। जब त्यस दिन उहाँलाई 'एक करोड़ भारतीय नेपालीहरूको नेतृत्वका लागि भण्डारीको विरोधी 'गोर्का नेशनल लिबरेशन फ्रण्ट' -का अध्यक्ष श्री सुवास घिसिङसितको साँठ-गाँठमा' हटाइयो हजारौं समर्थकहरू चामलिङको नाम्चीस्थित घरमा भेला भएका थिए। राता-रात 'भण्डारीको भ्रष्ट शास' -द्वारा प्रजातन्त्रको 'बलात्कार' भएको प्रतिवादमा पोष्टरहरू देखापरे। मुख्यमन्त्रीप्रति आलोचना अझै जारी छ। भण्डारीको भ्रष्टाचारविरुद्ध भूमिगत रूपले पर्चाहरू बाँड़िए। मुख्यमन्त्रीको 'जवान सेआ' ५०० सशक्त 'कमाण्डो फोर्स' -द्वारा तङ्ग गरिइएका अनि यन्त्रणा दिइएका गुआसोहरू प्रशस्त छन्। हालसालै सीपीएमका राज्य सचिव डुकाथ नेपाल, जो भण्डारीकी श्रीमती डी.के. भण्डारीको लोकसभा चुनाउमा प्रतिद्वन्द्वी थिए, -लाई पुलिस हिरासतमा यन्त्रणा दिइयो। उसको घर-मालिक एस.एस. ढकाललाई समेत कुटपीट गरियो। 'पिपल्स फर डेमोक्रेसी' -का संयोजक हेमलाल भण्डारीलाई उक्त घटनाको प्रतिवाद गर्दा थानामा थुनेर कुटियो।

अर्को घटना कंग्रेस (इ) -को युवा साखा राज्य सेवा दलका सभापति टाशी वाङ्दी फुन्पोका साथै उहाँको ७० वर्षीय पिता नेड्रुप भोटियालाई विदेशी रक्सीको वितरणको सम्पूर्ण अधिकार प्राप्त गर्ने एउटा निजी कम्पनी 'पशुपति ट्रेडर' -सँग भण्डारीको साँठ-गाँठलाई भण्डाफोर गरिएको पर्चा छापेको आरोपमा जेलमा हालियो। १९८९ -को चुनाउमा भण्डारीले जनजाति उन्मुख पार्टी 'डेञ्जोङ पिपल्स छोग्पा' -को विरोधलाई पर्वाह नगरी १.२ लाख नागरिकताविहीन जनतालाई इलेक्ट्रोल रोलमा गाभ्ने स्वीकृति दियो। उक्त डी.पी.सी. -ले यो निर्णयलाई अदालतमा चुनौती दियो अनि अन्तिमा चुनाउ बहिष्कार गऱ्यो। अर्को क्षेत्रीय पार्टी झुल्के घामले पनि आफ्ना कार्यकर्ताहरूविरुद्ध पुलिसको अमानुषिकताले गर्दा सबै कार्यकलापहरू स्थगित गरिदिएको छ।

यस्तो शास्तीबाट प्रेस पनि सुरक्षित भएन। श्री चामलिङले आरोप लगाउनुभएको छ कि 'सिक्किम प्रेस एसोसिएशन' -का अध्यक्ष जिग्मी एन. काजीले आफ्नो 'सिक्किम अब्जर्बर' -को प्रकाशनलाई त्यसमा छापिएको एउटा समाचारको कारणले मुख्यमन्त्रीले विरोध गरेकोले स्थगित गर्नुपऱ्यो। सिलगढ़ीबाट प्रकाशित हुने हिन्दी दैनिक 'जनपथ समाचार' -का सम्पादकलाई उसको घरबाट लुलिसले अपहरण गरेको थियो। 'सिक्किम प्रेस एसोसिएशन' -का एकजना प्रवक्ता अनुसार गान्तोकबाट प्रकाशित हुने तीनवटा साप्ताहिक समाचार-पत्रहरूका सम्पादकहरू सी.बी. छेत्री, गंगा राई र बी.बी. सुब्बा श्री चामलिङको निष्कासन विरुद्ध जनताको पक्ष लिएर समाचार

छापिएकोमा अमानुषिक शास्ती एवं यन्त्रणादेखि डराई भूमिगत भएका छन्। यो संवेदनशील हिमाली राज्यमा 'संग्राम परिषद् विकृत रूपमा देखापरेको छ। परिषद् सरकार गठित भएपछि १९८४ -मा ३२ -मा ३० सीट जितेको थियो र पछिबाट ३२ -मा ३२ नै सीट जित्यो।

तर प्रतिपक्षी पार्टी नहुँदा परिषद्‌लाई सबै प्रकारले राम्रो भएन, नेतृत्वको विरोधमा भित्र-भित्रै कुट भावनाहरू पलाए। यद्यपि भण्डारीको स्थिति सुरक्षित देखिन्छ तापनि पार्टीभित्र सबै उसको एकलौटी शासन गराइप्रति खुशी छैनन् एकजना पार्टीका अग्रज नेता, जसलाई अहिले भण्डारीले पन्साएको छ, -ले भने - ''डरले सिक्किमे जनता त्राही-त्राही छन्।'' जनताको धन बर्मा लुटाइ भए बापत श्री चामलिङले औंल्याउनु भयो कि सिक्किमेल रु. ४५.४३ करोड़ कमाउँछ भने वर्षेई विभिन विभागहरूका अत्याधिक कर्मचारीहरूको तलबमा रु. ७० करोड़ बाँड़िन्छ। प्रायः ४ लाख जनसंख्या भएको सिक्किममा १४०४ राज-पत्राङ्कित अधिकृतहरू छन् - देशमा सबैभन्दा बढ़ी, अनुपातको हिसाबले।

श्री चामलिङले भ्रष्टाचारको सूची पेश गर्नुभएको छ। एउटा एपालको नागरिकलाई एक्साइज ड्यूटीमा सम्मिलित गराइयो। जसले एउटा आयुर्वेदिक औषध-कारखाना कोल्नलाई २ करोड़ रुपियाँ निर्ब्याजी प्राप्त गऱ्यो साथै १९८९ -देखि यता सिक्किमको राज्य ब्याङ्कबाट ४५ करोड़ रुपियाँ जति १६६ व्यक्तिहरूलाई ऋण दिइयो जो अझसम्म फिर्ता भएको चैन, जसको खोजी हुनुपर्छ, उहाँले भन्नुभयो। श्री चामलिङ आरोप लगाउनु हुन्छ कि यो मुख्यमन्त्रीको आदेशले नै सिक्किम 'फर्माक्यूटिकल्स लिमिटेड' कार्पेट बनाउनेमा परिणत गरिएको हो।

श्री चामलिङको अनुसार १०० करोड़भन्दा बढ़ी रुपियाँको कर्जामा सिक्किम सरकार डुबेको छ। सिक्किम सरकारले विभिन्न स्रोतबाट लिएको ऋणको वर्षेनी रु. १८ करोड़ ब्याज मात्र तिर्नुपर्छ। यसको अर्थ प्रत्येक नागरिकको थाप्लोमा रु. ५,००० -को सरकारी ऋण छ।

[मद्रासबाट प्रकाशित हुने अंग्रेजी पाक्षिक 'फ्रण्टलाइन' २२ नोभेम्बर-४ दिसम्बर, १९९२]